मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक २७ • २०८२ साल मंसिर २३ गते मंगलबार • Tuesday 09, December 2025 • सूर्योदय: बिहान ०६:४२ बजे • सूर्यास्त: साँझ ५:१२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## २० वर्षपछि प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिउ मास्ने बेच्ने सम्बन्धी कसूर मुद्दामा २० वर्षदेखि फरार रहेका प्रतिवादी पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विशेष सूचनाको आधारमा आइतबार साँझ ४ बजेर ४५ मिनेटमा खटिएको प्रहरी टोलीले वीरगंज महानगरपालिका–९ स्थित सडक खण्डबाट वीरगंज–१९ बस्ने ४५ वर्षीय सुरेश प्रसाद कलवारलाई नियन्त्रणमा लिएको हो । कलवारमाथि बिन्दवासिनी गाविस–६ का बृजेश प्रसाद कलवारले दर्ता गराएका, जिउ मास्ने बेच्ने सम्बन्धी मुद्दामा संलग्न रहेको र घटनापछि झण्डै दुई दशकदेखि फरार रहेको बताइएको छ ।

प्रहरीका अनुसार पक्राउ परेजसहित उनलाई आवश्यक कानूनी प्रक्रिया अघि बढाई थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले जानकारी दिए ।

# विश्वासको मत लिने दिन अनिश्चित

# मन्त्रालयमा अझै असहमति





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभाबाट विश्वासको मत लिने मिति अझै टुंगो नलागेको स्पष्ट पारेका छन् । आइतबार पद तथा गोपनीयताको शपथ ग्रहणका क्रममा मंसिर २४ गते विश्वासको मत लिने प्रचार भएको विषयलाई मुख्यमन्त्री यादवले गलत भएको बताए ।

'मैले मंसिर २४ गते नै विश्वासको मत लिन्छु भनेर भनेको छैन,' यादवले भने, 'कसले त्यो प्रचार ग¥यो, मलाइ थाहा छैन । विश्वासको मत कहिले लिने भन्ने निर्णय मन्त्रिपरिषद्ले गर्छ, तर प्रक्रिया चाँडै अघि बढ्छ ।'

तर शपथ ग्रहणपछि सत्ता साझेदार दल जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामअशीष यादवले भने मुख्यमन्त्री यादवले मंसिर २४ गते नै विश्वासको मत लिने सहमति भएको दाबी गरेका थिए । मुख्यमन्त्री र सत्तापक्षकै नेताबीच देखिएको फरक अभिव्यक्तिले विश्वासको मतको समयलाई अझै अन्योल बनाएको छ ।

मुख्यमन्त्री यादव मंसिर १९ गते कांग्रेस, जसपा, माओवादी केन्द्र, जनमत पार्टी, नेकपा एकीकृत समाजवादीसहितको ७ दलीय गठबन्धनबाट मुख्यमन्त्री नियुक्त भएका थिए । उनले आइतबार नै ३ जना मन्त्रीलाई मन्त्रिपरिषदमा शामिल गरेर मन्त्रिपरिषद् विस्तार गरिसकेका छन् । कांग्रेसका जंगीलाल राय यादव, जनमत पार्टीका संसदीय दलका नेता महेश यादव र नेकपा एकीकृत समाजवादीका कनिस पटेल मन्त्री बनेका छन् । जंगीलाल र पटेल विनाविभागीय मन्त्री बनेका छन् भने जनमतका महेश यादवलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

मुख्यमन्त्री यादवले पदभार सम्हालेपछि सबैभन्दा पहिले प्रदेश दौडाहामा निस्किएका छन् । सोमबार सोही क्रममा मुख्यमन्त्री यादव महोत्तरी पुगे । त्यस क्रममा उनले बर्दिबासका नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीसहित कांग्रेसका नेता तथा कार्यकर्तासँग छलफल गरे । यादव मंगलबार दिउँसो कांग्रेसका शीर्ष नेतासँग भेट्न काठमाडौँ जाने र बुधबार फर्किने कार्यक्रम तय भएको छ । यस अवधिमा मधेश सरकारको मन्त्रिपरिषद विस्तार पनि नहुने जनाइएको छ ।

७ दलीय गठबन्धनबीच मन्त्रालयको बाँडफाँडमा सहमति नहुँदा पूर्ण

*बाँकी पृष्ठ २ मा*

## भारतीय प्रहरीद्वारा वीरगंजबाट नेपाली नागरिक पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनी गाउँपालिका–५, खजुरियाका मेघराज साहलाई भारतीय प्रहरीले वीरगंजस्थित राधेमाइ टोलबाट पक्राउ गरेर भारत लगेको छ । यो घटनाबारे पर्सा प्रहरी भने बेखबर रहेको पाइएको छ ।

स्रोतका अनुसार शनिबार राति भारतीय नम्बरको गाडीमा आएका सादा पोशाकका भारतीय प्रहरीले साहको गाउँ खजुरिया हुँदै मनवा बजारसम्म खोजतलास गरेको थियो । वीरगंज महानगरपालिका–१३ राधेमाइ टोलमा रहेको निवासमा प्रहरी पुगेको थियो । त्यहीँबाट साहलाई नियन्त्रणमा लिएर प्रहरीले भारत लगेको परिवारजनले बताए । थार गाडीमा सादा पोशाकमा तीन भारतीय प्रहरी आएका थिए ।

केही दिनअघि भारतमा ५० किलोभन्दा बढी चरेशसहित एक व्यक्ति पक्राउ परेका थिए । उनको बयानका आधारमा साहको पनि नाम जोडिएपछि उनी भारतीय प्रहरीको खोजीमा परेको बताइएको छ । पर्सा प्रहरीले भने यस विषयमा कुनै जानकारी नभएको बताएको छ ।

## युवा नेतृत्वको सरकारबाट परिवर्तन सम्भव

**मधेशदृष्टि**
**सिरहा ।**
सङ्घीय सरकारका युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले चुनावपछि युवाहरूको नेतृत्वमा बन्ने सरकारबाट मात्रै परिवर्तन सम्भव हुने बताएका छन् । गृहजिल्ला सिरहा आएका मन्त्री गुप्ताले तीन वटा सामुदायिक विद्यालयमा चिसोबाट जोगाउन न्यानो ज्याकेट वितरण गर्दै यस्तो बताएका हुन् ।

अहिलेको चुनावी सरकारको प्रमुख कार्य चुनाव गराउनु रहेकाले जनताको भावनाअनुसार काम गर्न नसक्ने बताए ।

चुनावपछि युवाहरूको नेतृत्वमा सरकार बनाउन आवश्यक रहेको र सुन्दर देश बनाउने सपना देखेका जेन्जीलगायत सबै शहीदहरूको भावनाअनुसार नै काम हुने मन्त्री गुप्ताले बताए ।




## जसपा नेपालको सिडिओ कार्यालयमा धर्ना

**मधेशदृष्टि**
**पर्सा ।**
३५ बुँदे मागसमेत राख्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल पर्साले जिल्ला प्रशासन कार्यालय (सिडिओ अफिस) अगाडि धर्ना गरेको छ । समान जनसंख्याका आधारमा संसदीय–प्रादेशिक निर्वाचन क्षेत्र पुनः निर्धारण लगायत राजनीतिक, सामाजिक तथा संरचनागत सुधारको मागसहित बिहान साढे ११ बजेदेखि दिउँसो ३ बजेसम्म धर्ना चलाइएको जसपा पर्सा अध्यक्ष रामनरेश यादवले बताए ।

यादवका अनुसार हिमाली क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्ने, राज्य पुनसंरचना उच्चस्तरीय आयोग (२०६८) को प्रतिवेदन आधारमा (१०+१) संरचना कायम गर्ने, संविधान संशोधनमार्फत राष्ट्रिय–जातीय पहिचान समेट्ने तथा प्रदेशमा स्वशासन र संघमा साझेदारी प्रणाली लागू गर्ने पार्टीका प्रमुख माग हुन् ।

त्यस्तै दलित, महिला र अल्पसंख्यक समुदायका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्र, पूर्ण समानुपातिक प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, समावेशी संसद, राष्ट्रिय सभा जनसंख्या अनुपातमै गठन, स्थानीय तहको अधिकार विस्तार र सेवामा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भनिएको छ ।

जेन्जी आन्दोलनका मुद्दा सम्बोधन, आन्दोलनमा भएको दमन, हिंसा र आगजनीको छानबिन, भ्रष्टाचार नियन्त्रण, सुशासन, पारदर्शिता र दोषीमाथि कानूनी कारबाही पनि जसपाका मागमा छन् । शिक्षा–स्वास्थ्यमा व्यापारीकरण बन्द, गुणस्तरीय सेवा र रोजगारीको व्यवस्था, विपन्न वर्ग र महिलाका लागि निःशुल्क शिक्षा–तालिम, बेरोजगारी भत्ता, युवा स्वरोजगार कार्यक्रम, बहुभाषिक नीति कार्यान्वयन, भूमिहीन–सुकुम्बासीलाई बासोबास, कृषिको व्यवसायीकरण र रासन कार्ड मार्फत सस्तो खाद्यान्न वितरणको माग गरिएको छ ।

## परिक्रमा विश्रामस्थल विकास गरिने

**मिश्रीलाल मधुकार**
**जनकपुरधाम ।**
नेपाल र भारतको धार्मिक आस्थाको प्रतीक मिथिला परिक्रमाका चार विश्राम स्थल, कलना, फुलहर, करुणा र बिसौलको विकास प्राथमिकतामा पारिने भएको छ । तीर्थयात्रीका लागि धर्मशाला, सडक, पिउने पानीको सुविधा र मठमन्दिरको सौन्दर्यीकरणको व्यवस्था गरिने भएको ।



भारत, बिहार सरकारका पर्यटन, कला तथा संस्कृति मन्त्री अरुण शंकर प्रसादले बासोपट्टी पूर्वी फैक्सका अध्यक्ष उदय कुमार साहको निवासमा आयोजित सम्मान समारोह यस विषयमा जानकारी दिएका हुन् । उनले बासोपट्टीमा रहेको ऐतिहासिक ब्रह्मदेई पोखराको सौन्दर्यीकरण गरिने बताए । २७ एकडमा फैलिएको ब्रह्मदेई पोखरा महत्वपूर्ण पर्यटकीय महत्वको स्थल हो । 'मेरो पहलमा पर्यटन मन्त्रालयको टोलीले यसको निरीक्षण गरेको छ,' पर्यटन मन्त्रीले भने, 'मिथिलासहित बिहार क्षेत्रभरिका ऐतिहासिक र पौराणिक स्थलहरूको विकास गरिने छ ।'

मिथिला चित्रकला, झिझिया र जट जटिन लोकनृत्यको प्रवद्र्धन गरिने बताइएको छ । यस्तै, युवा महोत्सव आयोजना गरिने छ । बिहार सरकारले किसानलाई ३ हजार रुपैयाँ दिइरहेको छ । भारत सरकारले वार्षिक ६ हजार रुपैयाँ दिइरहेको छ । अब किसानले वार्षिक ९ हजार रुपैयाँ पाउनेछन् । महिलालाई रोजगारीका लागि २ लाख रुपैयाँ उपलब्ध गराइने छ ।

यसपटक ८० प्रतिशत महिलाले एनडीएलाई मतदान गरेका थिए । त्यसैले एनडीएले २ सय भन्दा बढी सिट जितेको छ । सम्मान समारोहमा भाजपा युवा नेता संजय कुमार महतो, विकास कुमार साह, फेंटका फैक्स अध्यक्ष किशोरी साह, लोजपाका मधुबनी जिल्ला ओबिसी अध्यक्ष लक्ष्मी प्रसाद साहलगायत लब्धप्रतिष्ठितहरू उपस्थित थिए ।

# विद्यालयकै कोषबाट बाँडियो पोशाक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम वडा नम्बर १३ स्थित धत्ता टोल राष्ट्रिय प्राथमिक विद्यालयले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पोशाक वितरण गरेको छ । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयको पोशाक वितरण गरिएको शिक्षक जगदीश रायले जानकारी दिए । उनले विद्यार्थीहरुमा शिक्षाप्रतिको आकर्षण बढाउने अभिप्रायले विद्यालयकै कोषबाट विद्यार्थीहरुलाई विद्यालयको पोशाक वितरण गरिएको बताए ।
उनका अनुसार विद्यालयमा अध्ययनरत ९५ विद्यार्थीहरुलाई पोशाक वितरण गरिएको थियो ।
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामएकवाल दासको अध्यक्षता एवम् जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जनकपुरधाम १३ का वडाध्यक्ष जीतबहादुर राउत, अभिभावक तथा स्थानीयको सहभागिता थियो ।

# सशस्त्र प्रहरी बलको सक्रियतासँगै अवैध कारोबारमा कमी

**रौतहट ।**
सशस्त्र प्रहरी बल नेपाल, बोर्डर आउटपोष्ट (विओपी) सरमुजवा रौतहटको सक्रियतासँगै सीमा नजिकको भारतीय बजार घोडासाहनतर्फबाट हुने गरेको अवैध कारोबार उल्लेख्य मात्रामा घटेको छ ।
सशस्त्र प्रहरीको सक्रियतासँगै विशेषगरी खाद्यान्न तथा तरकारी, औषधि, लत्ताकपडा, रक्सी, सुर्तीजन्य पदार्थ, खेलौना, मोटरसाइकल, मोबाइलसहित विभिन्न उपकरणका पार्टस्लगायतका सामानमा हुने अवैध काराबारमा कमी आएको र यस किसिमको गैरकानूनी धन्धामा सक्रिया पक्ष निरुत्साहित देखिएको बौधिमाई नगरपालिका–९ सरमुजवाका समाजसेवी वृजभूषण मिश्र बताउँछन् ।
उनले भने, 'पछिल्लो समय सरमुजवास्थित सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरी बलले अवैध धन्दा न्यूनीकण तथा नियन्त्रण गर्ने अभियानका साथ विशेष सक्रियता अपनाएपछि सँगैको भारतीय बजार घोडासाहन हुँदै सामान ल्याउने समूह छट्पटिएर अन्यत्र पलायन भएको अवस्था छ । तस्करीमा रमाउँदै आएकाहरू अहिले




तितरबितर भएका छन् ।'
अवैध सामान जफत गरी त्यसमा संलग्न दोषीलाई हदैसम्मको कारवाही गर्ने क्रम बढेपछि जिल्ला सदरमुकाम गौरबाट टाढा पर्ने यस सरमुजवा नाकाबाट अवैध सामान ओसारपसार तथा कारोबार हुनेक्रम घटेको स्थानीयको भनाइ छ ।
सशस्त्र प्रहरी वल सरमुजवाका प्रहरी निरीक्षक परशुराम लामिछानेले सशस्त्र प्रहरीको सक्रियतासँगै उल्लेख्य परिणाममा अवैध सामान बरामद गर्न प्रहरी सफल भएको र सीमापारिबाट भन्सार छली भित्रिने वस्तु तथा सामान नगण्य अवस्थामा रहेको जानकारी दिए ।
सीमा सशस्त्र प्रहरी बल, सरमुजवाले साढे तीन महिनामा भन्सार छली गरेर ल्याइएको १३ लाख ८२ हजार २ सय ६९ रुपैयाँ मूल्य पर्ने वस्तु तथा सामान बरामद गरेको जनाएको छ ।
यसैगरी, सशस्त्र प्रहरी बल नेपाल, बोर्डरआउटपोष्ट (विओपी) रामपुरखापका सशस्त्र प्रहरी निरीक्षक मन्दिरा सुवालले गत भदौदेखि मङ्सिर २२ गतेसम्म ११ लाख ९७ हजार २ सय ८० रुपैयाँ मूल्य पर्ने भन्सार छलीका सामान बरामद गरेको जानकारी दिए ।रासस

# वन्यजन्तुलाई पानीको लाइन माग

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्जले अम्लेखगञ्जदेखि चितवनको लोथरसम्म विस्तार गरिने पेट्रोलियम पाइपलाइन निर्माणका क्रममा वन्यजन्तुका लागि पानी आपूर्तिको पाइप पनि सँगै बिछ्याउनुपर्ने सर्त अघि सारेको छ ।
निकुञ्जले वर्षभरि वन्यजन्तुमा देखिने पानीको अभाव समस्याको दीर्घकालीन समाधानका लागि यो प्रस्ताव अघि बढाएको हो । निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाका अनुसार एउटै आयोजनाबाट दुईवटा पाइप बिछ्याउन सकिने भएकाले यही सर्तमा मात्र वातावरणीय प्रभाव अध्ययन (ईआईए) गर्न अनुमति दिइनेछ । निकुञ्जले उक्त प्रस्ताव वन्यजन्तु विभागमार्फत वन मन्त्रालयमा पठाइसकेको जनाएको छ ।
अम्लेखगञ्जदेखि चितवनको लोथरसम्म करिब ६२ किलोमिटर दूरीमा तीन मिटर गहिराइमा पेट्रोल र डिजेलको पाइप बिछ्याउने योजना छ ।
खतिवडाका अनुसार सोभन्दा माथिल्लो तहमा पानीको पाइप राख्न सकिनेछ । पर्सा राष्ट्रिय निकुञ्ज बागमती र मधेश प्रदेशका तीन जिल्लामा फैलिएको छ, जहाँ वर्षभरि पानीको अभावका कारण वन्यजन्तु बस्तीमा पसेर मानव–वन्यजन्तु द्वन्द्व बढ्ने समस्या देखिँदै आएको छ ।

# विश्वासको मत लिने दिन अनिश्चित मन्त्रालयमा...

मन्त्रिपरिषद् गठनसमेत प्रभावित बनेको छ । विशेषगरी भौतिक पूर्वाधार विकास मन्त्रालयलाई लिएर जसपा र माओवादी केन्द्र दुवैले दाबी गरेपछि सहमति जुट्न सकेको छैन ।
यता, सत्तारुढ दलहरूबीच मधेश प्रदेशसभाका सभामुख चयनका विषयमा पनि अझै सहमति हुन बाँकी छ ।
सभामुख पदमा समेत जसपा र माओवादी केन्द्र दुवैले आफ्नो दाबी प्रस्तुत गरेका छन् । विश्वासको मत, मन्त्रिपरिषद् विस्तार र सभामुख चयन तीनै विषयमा अन्योल कायम रहँदा मधेश प्रदेशको राजनीतिक अवस्था थप जटिल बन्दै गएको छ ।
बेथिति हटाउँदै सुशासनको प्रत्याभूतिमा जोड
मधेश प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री कृष्ण प्रसाद यादवले मधेश प्रदेशमा बेथिति रहेकाले बेथिति हटाउँदै सिस्टममा ल्याउने र सुशासन कायम गर्ने पहिलो प्राथमिकता रहेको बताएका छन् । नेपाली काङ्ग्रेस रौतहटद्वारा सोमबार गौरमा आयोजित स्वागत तथा अभिनन्दन कार्यक्रममा उनले मधेश प्रदेशमा चुनौतीको चाङ्ग रहेको बताए । हरेक चुनौतीलाई सामना गर्दै प्रदेशको विकासको लागि निरन्तर अगाडि बढ्ने उनले बताए ।
विकास निर्माणका रोकिएका योजना अगाडि बढाउनेदेखि लिएर मधेश प्रदेशका नागरिकलाई अनुभूति हुने गरि नयाँ योजना, नयाँ रणनिति ल्याउने उनले बताए ।
मधेशका अधिकांश जनता कृषिमा निर्भर रहेकोले कृषिलाई मुख्य प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार लगायतका क्षेत्रमा वर्तमान सरकार दिन रात काम गरेर सकारात्मक प्रतिफल दिने मुख्यमन्त्री यादवले प्रतिबद्धता व्यक्त गरे । अहिलेको सातदलीय गठबन्धन बलियो रहेको र गठबन्धन आउने निर्वाचन सम्म एकजुट रहने उनले दाबी गरे ।


# भूमिसुधार तथा मालपोत कार्यालय
## गौर, रौतहटको

**जग्गा नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना ।**

यसमा जिल्ला रौतहट साविक गाविस अकोलवा वडा न. ७ हाल राजपुर ना.पा.-८ मा वस्ने शेख उसमानको बुहारी शेख इनुसको पन्नि मोमिना शेखिनले आफ्नो ससुरा नाता पर्ने शेख उसमानको नाउँमा सर्वे नाप भई निजको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स. राजपुर फरहदवा वार्ड नं. ८ख किता नं.२०९ को ज.वि.०-१-२-८ जग्गाको नामसारी माँग गरेकोमा मोठ भिडान हुदाँ मोठ जिर्ण अवस्थाम रही ज.ध. दर्ताको नाम, वतन, तिनपुस्ते नरहेको र वडा नं. ८ख किता २०९ को ज.वि.०-१-२-८ मात्र उल्लेख रहेको शे. उसमानको नाउँमा रोक्का नदेखिएको भनि मोठ फाँटवाट लेखिआएको साथै राजपुर ना.पा-८ को चलानी नं.३४२ मिति-२०८२/०८/०४ गतेको सिफारीसमा दर्तावाला शे. उसमान मिति २०३४ साल अगावै मृत्यु भई निजको नजिकको हक खाने नजिकको हकदार १ एक मात्र पत्नि तविया शेखिन मिति २०३४ साल अगावै मा मृत्यु भई निजको हकखाने हकदार १ एक मात्र छोरा शेख इनुस भई निज शेख इनुस पनि आफुनो कालगतिवाट मिति-२०७२/१२/०६ मा र निजको हकखाने हकदार १ एक मात्र पत्नि मोमिना सेखिन भएको साथै फिल्ड बुकको जग्गाधनीको महलमा शे. उसमान रा. फ.-८ उल्लेख रहेको निवेदको नागरिकतामा वतन अकोलवा वाडा नं.७रहेको भनि उल्लेख रहेको मोमिना शेखिनको नाउँमा नामसारी गरी दिने बारे सिफारिस भई आएकोले उल्लेखित जग्गाको नामसारी सम्बन्धी हकदावी वारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८२/०८/२२ गतेको आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा नामसरी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम नामसारी भै जाने छ।

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.घ. |
|---|---|---|---|---|---|
| रौतहट | राजपुर फरहदवा | ८ख | २०९ | ०-१-२-८ | दर्तावालको नाम बतन भएको भाग जिर्णभइ मोठ बैस्तमा नरहेको |



# कर्पोरेट डेभलपमेन्ट बैंक लि., कार्यालय, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा अवस्थामा मिति २०८१/१०/०९ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा १५ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएका यो सुचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिती २०८२/०९/०१ गते मंगलवारका दिन (८ औं दिन बिदा परेमा लगतै कार्यलय खुलेको दिन) दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७(सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| |
|---|
| **१)ऋणीको नाम, ठेगाना** |
| **क**) स्व. छठु प्रसाद बरैको नाति, राजेन्द्र प्रसाद बरैको छोरा जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने (ना.प्र.न. ३४१०२२/७९६७ मिती २०६६/१०/२४ जि.प्र.का.पर्सा) बर्ष ३० को **धिरेन्द्र चौरसीया......१ र** जयनारायण प्रसाद चौरसियाको छोरी, स्व. छठु प्रसाद बरैको बुहारी,राजेन्द्र प्रसाद बरैको पत्नि जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने (ना.प्र.न. १६०३१९५१६ मिती २०४७/१०/२० जि.प्र.का.पर्सा) बर्ष ५४ की **रिता देवि चौरसीया......२** । **ख**) स्व. महन्त राउत बरैको नाति, स्व. छठु प्रसाद बरैको छोरा जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने (ना.प्र.न. १६०३०४३६७ मिती २०३३/०९/०८ जि.प्र.का.पर्सा) बर्ष ६४ की **राजेन्द्र प्रसाद बरै** । |
| **२) कर्जाको प्रकार:-व्यक्तिगत आवधिक कर्जा र घर कर्जा** |
| **३) कर्जाको सुरक्षण विवरण:** |
| जयनारायण प्रसाद चौरसियाको छोरी,स्व. छठु प्रसाद बरैको बुहारी,राजेन्द्र प्रसाद बरैको पत्नि जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने ( ना.प्र.न.१६०३१९५१६ ,मिती २०४७/१०/२० जि.प्र.का.पर्सा) बर्ष ५४ की **रिता देवि चौरसीया**को नाममा दर्ता कायम रहेको जिल्ला पसा बिरन्चीबर्वा वडा नं.०४ स्थित किता नं **५३२** को जम्मा क्षेत्रफल **०-१०-४-११ (३४६५.६८वर्ग मिटर)** को घर जग्गा । |
| **४) व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) स्व. छठु प्रसाद बरैको नतिनी, ,राजेन्द्र प्रसाद बरैको छोरी जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने (ना.प्र.न. ३४-०१-७१-०९२८१ मिती २०७१/१२/०५ जि.प्र.का.पर्सा) बर्ष २९ को **प्रिन्सी चौरसीया ।** **ख**) स्व. छठु प्रसाद बरैको नाति, ,राजेन्द्र प्रसाद बरैको छोरा जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने (ना.प्र.न. १६०३३५६९७ मिती २०६३/०७/२३ जि.प्र.का.पर्सा) बर्ष ३५ को **जितेन्द्र चौरसीया ।** **ग**) राजेन्द्र प्रसाद बरैको बुहारी, **जितेन्द्र चौरसीयाको** पत्नि जिल्ला पर्सा बिरगंज ०५ मा बस्ने (ना.प्र.न.३४-०१-७८-०२६४० मिती २०७८/०५/०२ जि.प्र.का.पर्सा) बर्ष ३० को **पुजा देवी चौरसीया ।** **घ**) राजेन्द्र प्रसाद बरैको बुहारी, **धिरेन्द्र चौरसीयाको** पत्नि जिल्ला पर्सा बिरगंज ०५ मा बस्ने (ना.प्र.न.३४-०१-७८-०२६३३ मिती २०७८/०५/०२ जि.प्र.का.पर्सा) बर्ष २७ को **निभा देवी चौरसीया ।** |
| **नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ मंसिर २९ गते सोमवार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ पुस ०१ गते मंगलवार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# अण्डाको भाउ बढेको बढ्यै

**चितवन ।**
विगत लामो समयदेखि नोक्सान बेहोर्दै आएका नेपालका लेयर्स कुखुरापालक किसानले नाफा हुनेगरी अण्डाको मूल्य पाएका छन् । पछिल्ला वर्षहरुमा लागत मूल्य नपाउँदा ७५ प्रतिशतभन्दा बढी किसान विस्थापित भएपछि किसानलाई नाफा हुनेगरी मूल्य पाएका हुन् ।
देशभरका पोल्ट्री फार्महरुको मूल्यलाई आधार मानेर समर्थन मूल्य जारी गर्दै आएको नेपाल लेयर्स कुखुरा पालक सङ्घले मङ्गलबारदेखि लागू हुनेगरी नयाँ मूल्य कायम गरेको छ ।
त्यसअनुसार ठूलो (एक्सएल) अण्डा प्रतिक्रेट (३० को) ५ सय ८० रुपैयाँ, ठूलो अण्डा ५ सय ६५ रुपैयाँ र मिडिएम ५ सय ५० रुपैयाँ कायम गरिएको छ । यसअघि गएको साउनमा हालसम्मकै सबैभन्दा बढी ठूलो अण्डाको प्रतिक्रेट ५ सय ६० रुपैयाँ पुगेको थियो । क्रमशः मूल्य घटेर ४ सय रुपैयाँमा झरेको थियो ।
सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार यसअघिको मूल्यभन्दा प्रतिक्रेट २० रुपैयाँले मूल्य बढेको हो । उनका अनुसार भारतीय अण्डा सीमाबाट अवैध रूपमा छिर्न रोकिएपछि नेपाली अण्डाले लागत मूल्य पाएको हो ।
भारतमा भएको निर्वाचनका कारण सिमानामा कडाइ र त्यहाँको अण्डाको खपतसँगै मूल्य बढेपछि अवैध रूपमा अण्डा नेपाल भित्रन नपाएको उनले बताए ।
उनले भने, 'भारतीय सीमा नाका कडाइ गर्न सकियो भने नेपाली कृषकले मूल्य पाउने देखियो ।'
सरकारी निकायले सीमा क्षेत्रमा कडाइ गरेर नेपाली किसान बचाउनुपर्ने उनको भनाइ छ । सङ्घका सल्लाहकार त्रिलोचन कँडेलका अनुसार भारतमा समेत अण्डाको मूल्य बढेको छ ।
भारतमा नै राम्रो मूल्य पाएपछि अवैध रूपमा नेपाल अण्डा भित्र्याउने प्रयाससमेत कम भएको उनले बताए ।
अण्डाको लागत मूल्य नेपालमा प्रतिगोटा १६ रुपैयाँ ५७ पैसा पर्न आउँछ । अहिलेको दरमा अण्डा बिक्री गर्दा नेपालका किसानले नाफा पाएको उनले बताए । पोल्ट्री व्यवसायी मञ्चका पूर्वअध्यक्ष एवं सङ्घको अण्डाको बजारीकरण अभियानमा लागि रहेका राजेन्द्र लामिछाने जाडो महिनामा अण्डाको खपत बढ्ने बताउँछन् ।
उनको भनाइमा जाडोमा चिसोबाट जोगिनका लागि अण्डा खानुपर्छ भन्ने जनचेतना जगाउन सकेका कारण पनि माग बढेको हो । अहिले नेपालमा दैनिक ४० लाखको हाराहारी अण्डा उत्पादन हुने गरेको अनुमान छ । अण्डाको मूल्य नपाएपछि साना किसान विस्थापित भएका छन् भने बैङ्किङ् ऋण लिएर किसानहरुले ठूलो संख्यामा कुखुरा पाल्दा माग धान्न सकेको छ ।

# नारायणी अस्पतालको भवन प्राथमिकतामा छः स्वास्थ्य मन्त्री



**वीरगंज ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्री डा सुधा गौतमले नारायणी अस्पतालको भवन निर्माण सङ्घीय सरकारको उच्च प्राथमिकतामा रहेको बताएकी छिन् ।
मन्त्री गौतमले सोमबार नारायणी अस्पतालको अनुगमन गर्दै अस्पतालको संरचना जीर्ण हुँदै गइरहेकाले पनि निर्माणका लागि सङ्घीय सरकारले प्राथमिकतामा राखेको बताइन् । 'अस्पताल भवन निर्माणमा भइरहेको समस्यालाई बुझेर सहरी विकास तथा भवन निर्माण विभागसँग समन्वय गरी निर्माणमा देखिएको जटिलता फुकाउने प्रयास गर्नेछौँ,' उनले भनिन्, 'अस्पताल भवन निर्माणका लागि गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कनको आवश्यक प्रक्रिया टुङ्गो लगाएर आगामी आवको बजेटमा बजेट राखेर आवश्यक प्रक्रिया अघि बढाउनेछौँ ।'
मन्त्री गौतमले नारायणी अस्पतालको संरचनालाई जतिसक्दो चाँडो निर्माण गर्नुपर्ने आवश्यता भएकाले पनि तदारुकताका साथ अघि बढाइने जिकिर गरिन् । मन्त्री गौतमले नेपाल सरकारको लगानी र प्रथामिकतामा स्वास्थ्य क्षेत्र परेको बताउँदै पर्सा जिल्लामा पर्याप्त स्रोतसाधन हुँदा पनि स्वास्थ्य क्षेत्र पछाडि परेको विषय सोचनीय भएको पनि बताइन् ।
मन्त्री गौतमले अस्पतालमा रहेका चिकित्सक तथा नर्सिङ स्टाफको दरबन्दी पनि वृद्धि गर्ने योजना रहेको बताइन् । नारायणी अस्पतालका मेडिकल सुपरीटेन्डडेन्ट (मेसु) डा चितरञ्जन साहले अस्पतालको सेवा प्रवाहसम्बन्धी विस्तृत रुपमा जानकारी गराएका थिए ।

# मधेशमा रोकिएन वन अतिक्रमण फिर्ता ल्याउन अझै सकस

मधेश प्रदेशका आठ जिल्लामा सन् २००२ अघिसम्म पाँच हजार ५ सय ३६ दशमलव ४१ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको तथ्याङ्क छ ।

**वीरगंज ।**
विभिन्न कालखण्डमा मधेश प्रदेशमा अतिक्रमणमा परेको वन क्षेत्र सङ्घीयतापछि पनि फिर्ता ल्याउन सकस भएको छ । विसं २०७२ मा नयाँ संविधानसँगै सङ्घीयता लागू भए पनि विभिन्न समयमा अतिक्रमणमा परेको वन क्षेत्र फिर्ता ल्याउन समस्या उस्तै देखिएको हो । मधेश प्रदेशका आठ जिल्लामा सन् २००२ अघिसम्म पाँच हजार ५ सय ३६ दशमलव ४१ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको तथ्याङ्क छ ।
सन् २००२ देखि सन् २०१२ सम्म आइपुग्दा मधेश प्रदेशमा थप तीन हजार ९ सय ७७ दशमलव १७ हेक्टर वन अतिक्रमणमा प¥यो । त्यस्तै सन् २०१२ देखि २०२३ सम्मको अवधिमा पनि मधेश प्रदेशमा वन अतिक्रमणको घटना भने रोकिएन । यस अवधिमा थप १ सय ७९ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको तथ्याङ्क छ । सन् २०२३ सम्म मधेशका आठ जिल्लामा नौ हजार ६ सय ९२ दशमलव ५९ हेक्टर वन अतिक्रमणमा परेको छ ।
मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव जीवनाथ पौडेलले विगतमा भएको वन क्षेत्र अतिक्रमणलाई फिर्ता ल्याउन नसके पनि नयाँ अतिक्रमण भने नियन्त्रणमा नै रहेको बताए ।
'विगतको तुलनामा वन अतिक्रमण बढेको छैन,' उनले भने, 'अहिले वन अतिक्रण भइहालेमा डिभिजन वन कार्यालय मातहतका निकायले तुरुन्तै कारबाहीको दायरामा ल्याउँछन् ।' उनका अनुसार विगतमा अतिक्रणमा परेर घर–टहरा आवास बनाएको क्षेत्रमा भने अतिक्रमित वनलाई फिर्ता ल्याउन सहज अवस्था छैन ।

**कुन जिल्लामा कति अतिक्रमण ?**

मधेश प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा धेरै सर्लाहीमा तीन हजार २३ दशमलव १४ हेक्टर क्षेत्रफल अतिक्रमण भएको छ । रौतहटमा एक हजार ७ सय १० दशमलव ९२ हेक्टर अतिक्रमणमा परेको छ । धनुषामा एक हजार ६ सय ५८ दशमलव ६४ हेक्टर क्षेत्रफल, बारामा एक हजार २ सय ३ दशमलव ०२ हेक्टर, सिरहामा ९ सय ७६ दशमलव ३४ हेक्टर, महोत्तरीमा ६ सय ३९ दशमलव ७१ हेक्टर, पर्सामा ४ सय ६८ दशमलव १४ हेक्टर, सबैभन्दा कम भने सप्तरीमा १२ दशमलव ६४ हेक्टर अतिक्रमणमा परेको छ ।
सचिव पौडेलले अतिक्रणमा परेको वन फिर्ता ल्याउने जिम्मेवारी वन मन्त्रालयको मात्रै नभई धेरै सरोकारवाला निकायको रहने बताए । यसका लागि अन्तरसरकारी निकाय समन्वय र सहकार्य आवश्यकता रहेको उनले बताए ।
'प्रदेश वन मन्त्रालय एक्लैले चाहेर मात्रै अतिक्रमणमा परेको वन फिर्ता ल्याउन नसक्रे रहेछ,' उनले भने, 'गृहमन्त्रालय, राजनीतिक दल तथा अन्य सरोकारवाला निकायको सहयोग बिना फिर्ता ल्याउन मुस्किल पर्ने रहेछ ।' उनले अहिले थप अतिक्रमण हुन नदिएको भन्दै पुरानो अतिक्रमणमा परेको वन क्षेत्र फिर्ता ल्याउन नसकिएको स्वीकार गरे । उनका अनुसार मधेश प्रदेशको अस्थिर राजनीतिक नेतृत्वको कारणले पनि समस्या भइरहेको छ ।
सङ्घीयता अघि र सङ्घीयतापछि वन क्षेत्र अतिक्रमण कति भयो भन्ने यकिन भने छैन । मुलुक सङ्घीयतामा गइसकेपछि रूख–बिरुवा प्रदेश सरकार मातहत र भूमि भने सङ्घीय सरकार मातहत रहेको छ । वन ऐन, २०७६ र प्रदेश वन ऐन, २०७७ मा अधिकार क्षेत्र बाझिँदा पनि कार्य सम्पादन गर्न र समस्या भइरहेको प्रदेश सरकारको गुनासो छ ।
सचिव पौडेलले वनजङ्गल संरक्षण गर्न प्रदेश सरकार मातहतभन्दा पनि सङ्घीय सरकार मातहत हुँदा सहज हुने भएको अनुभव सुनाउनुहुन्छ । सशस्त्र वनरक्षक सङ्घीय सरकार मातहत छन् । तर, अहिले प्रदेश सरकार मातहतका डिएफओले सशस्त्र वनरक्षकलाई खटाउँदै आइरहेको अवस्था रहेको पनि छ ।
मधेश प्रदेश वन निर्देशनालयका प्रदेश वन निर्देशक जगन्नाथप्रसाद जयसवालले सङ्घीयतापछि वन अतिक्रमणको बढ्यो कि घट्यो भन्ने आधिकारिक तथ्याङ्क भेट्टाउन मुस्किल पर्ने बताउँछन् ।
'सीमा विवादले एकाध ठाउँमा वन अतिक्रमणमा परेको भेट्टिन्छ,' उनले भने । प्रदेश वन निर्देशक जयसवालले मधेश प्रदेशमा मात्रै नभएर मुलुकभर नै वन अतिक्रमणको समस्या रहेको बताउँछन् । 'मुलुकमा विधिको शासन नभएको कारणले नै सबैभन्दा पहिला वन अतिक्रमणमा पर्ने हो । यातायातको सहज पहुँच भएसँगै वनजङ्गल जभाभावी ढङ्गले फँडानी र अतिक्रमण गर्ने परिपाटीको विकास भएको देखिन्छ,' उनले भने, 'यातायातको सहज पहुँच, बढ्दो जग्गाको महङ्गी र भूमाफियाको चलखेलको कारणले पनि वनजङ्गल अतिक्रणको चपेटामा पर्दै आइरहेका छन् ।'
मधेश प्रदेशमा मात्रै नभएर जिल्लामा पनि वन अतिक्रमणमा घटना रोकिएका छैनन् । डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले पर्सामा ४ सय ६८ दशमलव १४ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको बताए । 'पर्सामा सबैभन्दा ठूला अतिक्रमण ठोरी क्षेत्रलगायत गादीमाई, विन्दवासिनी, सबैया साझेदारी वन क्षेत्रमा भएको देखिन्छ,' उनले भने, 'पटेर्वासुगौली, प्रसौनी, पर्सागढी लगायतका क्षेत्रमा अतिक्रमण भएको भेट्टिन्छ ।'
कार्यालयका अनुसार ठोरी गाउँपालिकास्थित बाराह नदीदेखि पश्चिमतर्फ दुई सय दशमलव ७० हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । यो पर्साको सबैभन्दा धेरै अतिक्रमणमा परेको वनक्षेत्र हो ।
त्यसैगरी, गादीमाई साझेदारी वनक्षेत्र १ सय ६७.६८ हेक्टर परेको छ । त्यस्तै सखुवाप्रसौनी मधुवन क्षेत्रमा पनि विभिन्न समयमा ३२ दशमलव ४७ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । सबैया साझेदारी वन २२.२३ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । त्यस्तै, विन्दवासिनी साझेदारी वन १२.०६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ ।
वन अधिकृत अहमदका अनुसार पर्सा जिल्लामा १० वर्ष लामो माओवादी द्वन्द्वकालमा सबैभन्दा बढी वन अतिक्रमण भएको देखिन्छ । सार्वजनिक विद्यालय, मठमन्दिर, प्रहरी सेनाका ब्यारेक, सडक, आदि भौतिक पूर्वाधार निर्माणमा समेत वनक्षेत्रको केही भाग अतिक्रमण भएको छ । जिल्लाको ठूलो जनसंख्याका लागि काठको अत्यधिक माग र कमजोर वन प्रशासनको फाइदा लिँदै तस्करहरुबाट भएको वन फँडानीका कारण पनि वन अतिक्रमणलाई प्रोत्साहन भएको छ ।
पर्सामा ११ हजार ५ सय ७५ हेक्टर वन क्षेत्र छ । पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन् ।
साझेदारी वन ११ हजार ४०९ दशमलव .१४ हेक्टरमा फैलिएको छभने धार्मिक वन ३४.६३ हेक्टर क्षेत्रफलमा रहेको छ । निजी वन १ सय १० हेक्टर, राष्ट्रिय वन ७.५१ हेक्टर क्षेत्रफलमा फैलिएको छ । वनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रूख छन् ।
डिभिजन वन अधिकृत अहमदले वन अतिक्रमण भएका क्षेत्रमा पुनः वन क्षेत्र कायम गर्न सरोकारवाला निकाय एक भएर अतिक्रमण गर्नेलाई प्रचलित कानूनअनुसार कारबाही गर्न जरुरी रहेको बताए । 'अतिक्रमण हटाउने कार्य राजनीतिक सवालसमेत भएको हुँदा वन तथा भूसंरक्षण विभाग र प्रदेश वन मन्त्रालय स्तरबाट समेत सहयोग र समर्थन जुटाउन पहल गर्नु आवश्यक देखिन्छ,' उनले भने, 'अतिक्रमित क्षेत्रमा वृक्षरोपणका साथै संरक्षणको कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।'
उनले अतिक्रमणका रुपमा रहेको वनक्षेत्रमा जडीबुटी, फलफूल लगायतका वन प्रजातिमा आधारित वृक्षरोपण कार्यक्रम सञ्चालन गरी क्रमिक रुपमा अतिक्रमण हटाउँदै वनको क्षेत्र कायम राख्न आवादी जग्गा र वन क्षेत्र छुट्टाएर रेखाङ्कन गर्नुपर्ने सुझाव दिन्छन् । रासस

# ग्रामीण क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर

**सिरहा ।**
नेपाली सेनाको श्री नं २७ वाहिनी अड्डा, चोहर्वा ब्यारेक, सिरहाले नागरिक–सैनिक सम्बन्ध अभिवृद्धि गर्ने उद्देश्यले सुखिपुर नगरपालिका–१० दहिपौडीमा बृहत् सचेतना तथा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ । 'नागरिक सहयोग सेवा' कार्यक्रमलाई प्रभावकारी बनाउने लक्ष्यअन्तर्गत सहायक रथी समीर श्रेष्ठको कमान्डमा टोलीसहित स्वास्थ्य सेवासम्बन्धी विभिन्न संस्थाहरुको सहकार्यमा श्री जनता माध्यमिक विद्यालयमा शिविर सञ्चालन गरेको हो । शिविरमा श्री नं. २७ फिल्ड एम्बुलेन्स गुल्मका चिकित्सक, सगरमाथा चौधरी आँखा अस्पताल, प्रादेशिक अस्पताल सिरहा, लहान, फुलकमारी महतो मेमोरियल अस्पताल, नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवा केन्द्र लहान, एनसिसी अलुमनाई एसोसिएसन नेपाल तथा हिमालय सुगर मिल प्रालिको सक्रिय सहभागिता रहेको थियो ।
शनिबार आयोजित शिविरमा सर्पदंश, भर्ना छनोट, शीतलहर, आगलागी जस्ता दैविक प्रकोपसम्बन्धी सचेतनामूलक कार्यक्रमसँगै आँखासम्बन्धी, दाँत, छाला, प्रसूति तथा सामान्य बहिरंग सेवासहित रक्तदान कार्यक्रम समेत सञ्चालन गरिएको नेपाली सेना चोहर्वा ब्यारेकका सहायक रथी समीर श्रेष्ठले जानकारी दिए ।
शिविरमार्फत महिला २ सय १६ र पुरुष २ सय ४४ गरी जम्मा ४ सय ६० जनाले निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका हुन् । विपन्न समुदायलाई लक्षित गरी गरिएको यो शिविरले समुदायमा सेनाप्रति विश्वास, पहुँच र सकारात्मक सोच अभिवृद्धि गर्न मद्दत पुगेको नेपाली सेनाले जनाएको छ ।


## औरही गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देउरी परवाहा, धनुषा

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।०८।२३ गते**

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, उपलब्धिमुलक तथा मर्यादित बनाउने उदेश्यले सूचना तथा परामर्श, सिप तालिम, न्यायमा पहुँच, वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श लगायत सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि निम्नानुसारको जनशक्ति करार सेवामा लिन आवश्यक भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । **यस विज्ञापन सँग सम्बन्धित विस्तृत विवरण यस गाउँपालिकाको website:- https://aurahimundhanusha.gov.np मा हेर्न सकिन्छ ।**

| क्र. सं. | पद | पद संख्या | परिक्षा दस्तुर | योग्यता |
|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) | १ जना (महिलालाई बिशेष ग्राहयता दिईने छ) | ७००।० | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफनर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/ मनोविज्ञान/समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/ स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको । |
| २ | रिटर्नी स्वयम सेवक (वैदेशिक रोजगारीबाट स्वदेश फर्की आएका) | २ जना | ५००।० | • न्युनतम कक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडीमुलुक वा मलेसिया) मा गई कम्तिमा १ बर्ष काम गएको अनुभव भएको । |

**दरखास्त बुझाउने स्थान :** औरही गाउँपालिका, देउरी परवाहा, धनुषा ।

**- प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# महानगरले कायम गरेको सार्वजनिक जग्गामा तरकारी बजार

वीरगंज महानगरले रेल्वेसडकस्थित छपकैयाँमा तरकारी तथा फलफूल बजार निर्माण गरेर सञ्चालनमा ल्याएको छ। वीरगंजमा थोकबजारको अभावलाई यसले परिपूर्ति गर्ने विश्वास गरिएको छ। तरकारी तथा फलफूलको थोक बजार यहाँकै बासिन्दका लागि तयार पारिएको हो। बजार छपकैयावासीकै नाममा बनाइएको महानगरको दाबी छ। सफा, सुरक्षित र व्यवस्थित राख्न स्थानीयवासीको भूमिका महत्वपूर्ण हुने छ। डेढवर्ष अगावै सञ्चालन गर्न खोजे पनि विविध कारणले महानगरले केही समय ढिलो सञ्चालनमा ल्याएका हो। बिपी उद्यानमा रहेका व्यवसायीको कारण पनि छपकैयाँको बजार सञ्चालनमा आउन केही समय बढी लागेको हो।

बिपी उद्यानमा रहेको अव्यवस्थित बजारलाई हटाउने अभियान थालनी गरिने भएको छ। बिपी उद्यानका व्यवसायीलाई स्थानान्तरण गर्न पनि विकल्प दिइएको छ। बजार सञ्चालनले किसान र उपभोक्ता दुवै लाभान्वित हुने अपेक्षा गरिएको छ। अव्यवस्थित थोक बजारको अभावका कारण किसानलाई सडक छेउ वा अस्थायी ठाउँमा बिक्री गर्नुपर्ने बाध्यता हट्ने अनुमान छ।

किसानले सहज रूपमा उत्पादन ल्याउन, उपभोक्ताले व्यवस्थित रुपमा खरिद गर्न र सवारी सञ्चालन पनि सरल हुने व्यवस्थामा गरिएको महानगरको दाबी छ।

७० लाख रुपैयाँको लागतमा निर्माण गरिएको १४ युनिटमा २८ सटर सञ्चालनमा छन्। बजार परिसरमा बिजुली, पानी, शौचालय, ढल निकास र सुरक्षा व्यवस्थासहित सबै आधारभूत सुविधा उपलब्ध रहेको छ। महानगरले थप ७० लाख रुपैयाँ लगानी गरेर युनिट संख्या र भौतिक संरचना विस्तार गर्ने योजना महानगरको छ। महानगरका अनुसार खुद्रा र थोक कारोबारलाई अलग–अलग संरचनाबाट सञ्चालन गरिने छ।

# चिसोयाममा दर्शकलाई तताउँदै एनपिएल क्रिकेट

राजु सिलवाल

काठमाडौँ उपत्यकामा दिनहुँ तापक्रम घटदै चिसो बढिरहेको भए तापनि क्रिकेटको रौनकले वातावरण तताउँदै लगेको पाइएको छ। गतवर्ष जस्तै यो वर्ष पनि जाडोको मौसममा एनपिएल क्रिकेटको दोस्रो संस्करणका रोमाञ्चकारी खेलहरु भइरहेका छन्। वर्षा नहुने मौसममा आयोजना गरिएको यो प्रतियोगितामा नेपालीका साथै अन्तर्राष्ट्रिय रुपमा पहिचान बनाएका विभिन्न मुलुकका खेलाडीले दिनहुँजसो छक्का र चौकाको वर्षा गरेर दर्शकहरुलाई प्रभावित बनाउन सफल भएका छन्। दिउँसो पारिलो घाममा बसेर क्रिकेट हेर्नुको मज्जा बेग्लै छ।

नेपालमा पहिलोपटक फ्लडलाइटको उज्यालोमा रातीपनि क्रिकेट खेल हुनु ऐतिहासिक उपलब्धि मानिएको छ। नेपाली क्रिकेट खेलाडीहरुले विदेशमा रात्रि खेलको अनुभव गरे पनि नेपालमा भने पहिलोपटक राति खेल्ने अवसर प्राप्त गरेका हुन्। नेपाली दर्शकहरुले पनि पहिलो चोटी रातिको म्याचको रोमाञ्चकारी अनुभव गरिरहेका छन। रातिको चिसोमा पनि कीर्तिपुरस्थित क्रिकेट रङ्गशाला खचाखच भरिने गरेको छ। बिगतमा धुलेमैदानमा बसेर तथा रुखमा झुण्डिएर समेत क्रिकेट हेर्न बाध्य भएका दर्शकहरु रङ्गशालामा निर्माण गरिएको प्याराफिटमा जडान गरिएका रङ्गिन सिटमा बसेर क्रिकेटको आनन्द लिइरहेका छन्। नेपाली दर्शकहरुको क्रिकेटप्रतिको झुकाव देखेर विश्वभरिकै क्रिकेटप्रेमीहरु अचम्म परेका छन्। विभिन्न आठ टिममा आवद्ध अन्तर्राष्ट्रिय ख्यातीप्राप्त खेलाडीलाई पछयाइरहेका क्रिकेट प्रेमीहरुको माध्यमबाट एनपिएल क्रिकेट विश्वको कुनाकुनासम्म पुग्न सफल भएको छ।

### खेलको पछिल्लो अवस्था

एनपिएल क्रिकेटको प्रारम्भिक चरणको समाप्तिपछि अब खेल झन प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ। अङ्क तालिकामा सर्वाधिक चार स्थान हासिल गरेका टिमहरुबीच हुने प्रतिस्पर्धाले अन्तिम नतिजाको निक्र्योल गर्नेछ। नेपालको सबैभन्दा ठूलो क्रिकेट महोत्सब मानिएको एनपिएल क्रिकेटमा कूल ३२ वटा खेल सञ्चालन भैरहेको छ। प्रतियोगितामा सहभागी रहेका आठ वटा टिम प्रत्येकले प्रारम्भिक चरणमा एक अर्को टिमसँग प्रतिस्पर्धा गर्दै कूल सात खेल खेलेका थिए। पहिलो चरणको समाप्तिपछि एनपिएल क्रिकेटको प्लेअफ चरणका खेलहरु मङ्सिर २३ गते मङ्गलबारदेखि सुरु हुँदैछ। राउण्ड रोबिनपछि उच्च अङ्क हासिल गरेका चार वटा टिमबीच प्लेअफ चरण शुरु हुनेछ।

अङ्क तालिकामा सर्वाधिक १२ अङ्क हासिल गरेको सुदुरपश्चिम रोयल्स टिम तथा दोस्रो सर्वाधिक १० अङ्क प्राप्त गर्ने बिराटनगर किङ्गस टिमबीच मङ्गलबार क्वालिफायर १ को खेल हुनेछ। यसपटक एनपिएल क्रिकेटमा लगातार छ खेलमा विजय हासिल गरेर उच्च मनोबलका साथ मैदानमा उत्रेको सुदूरपश्चिमलाई विराटनगर टिमले आक्रामक खेल प्रस्तुत गरेर शनिबारको खेलमा पराजित गरेपछि मङ्गलबारको खेलमा दुबै टिम अझ आक्रामक रुपमा उत्रने अपेक्षा दर्शकहरुले गरेका छन्। विराटनगर तथा काठमाडौँ एभेन्जर्स दुबै टिमको समान दश दश अङ्क भए तापनि नेट रनरेटको आधारमा विराटनगरले क्वालिफायर १ मा खेल्ने अवसर पाएको हो।

यसैगरी मङ्सिर २४ गते बुधबार अङ्क तालिकामा तेस्रो स्थानमा रहेको काठमाडौँ गोर्खाज र चौथो स्थानमा रहेको लुम्बिनी लायन्स टिमबीच इलिमिनेटर १ खेल हुनेछ। काठमाडौँ गोर्खाजले लुम्बिनी लायन्सलाई यसअघि लिग चरणमा ५३ रनले हराइसकेको छ। मङ्सिर २५ गते बिहीबार क्वालिफायर २ अन्तर्गतको खेल हुनेछ। खेलमा प्लेअफ म्याचको बिजेता तथा क्वालिफायर १ पराजित हुने टिमबीच खेल हुनेछ। आगामी मङ्सिर २७ गते शनिवार क्वालिफायर १ का बिजेता तथा क्वालिफायर २ का बिजेताबीच फाईनल खेल हुने कार्यक्रम छ।

### प्लेअफ चरणमा पुग्ने टिमहरु

#### क) सुदूरपश्चिम रोयल्स

कुनै पनि खेलमा सहभागी भएका खेलाडीहरुले सुखद् होस् वा दुःखद् जस्तोसुकै नतिजाको पनि सामना गर्नु पर्ने सन्देश गत शनिबारको खेलपछि सुदूरपश्चिम रोयल्स टिमले हासिल गरेको नतिजाले दिएको छ। एनपिएल क्रिकेटमा यसपाली आफ्नो बर्चस्व प्रदर्शन गर्दै लगातार छ वटा खेल जितेर १२ अङ्कसहित तालिकाको उच्चस्थानमा पुग्न सफल भएको सुदुरपश्चिमले लिग चरणको अन्तिम खेलमा भने बिराटनगरसंग लज्जाजनक रुपमा पराजय भोग्नु प¥यो। उक्त खेलमा सुदूरपश्चिम बिराटनगर किङ्गससँग ४९ बल बाँकी रहेको समयमै ६ विकेटले पराजित भएको थियो। यसअघि दुई वटा खेल बाँकी रहेकै अवस्थामा सुदूरपश्चिम क्वालिफायर १ मा प्रवेश गरेको थियो। एनपिएल क्रिकेटको गतवर्ष पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्सलाई ६ विकेटले हराएर सुदूरपश्चिम शीर्ष स्थानमा पुगेको थियो। उकत टिमले चितवन राइनोज टिमलाई ४९ रनले, काठमाडौँ गोर्खाजलाई २९ रनले, पोखरा एभेन्जर्सलाई १८ रनले, कर्णाली याक्सलाई ४५ रनले, लुम्बिनी लायन्सलाई ७ विकेटले पराजित गरेको थियो। सुदूरपश्चिम टिम गतवर्षको उपविजेता टिम थियो।

#### ख) काठमाडौँ गोर्खाज

प्लेअफ चरणमा प्रवेश गर्न सफल दोश्रो टिम काठमाडौँ गोर्खाजले पाँच वटा खेलमा जित्नुका साथै दुई खेलमा पराजय भोगेको थियो। उक्त टिमले जनकपुर बोल्टसलाई ५ विकेटले, लुम्बिनी लायन्सलाई २२ रनले, चितवन राईनोजलाई ५३ रनले, कर्णाली याक्सलाई ५ विकेटले तथा पोखरा एभेन्जर्सलाई १३ रनले हराएको थियो। यसैगरी सो टिमले सुदूरपश्चिम रोयल्ससँग २९ रनले तथा विराटनगर किङ्गससँग ५ विकेटले हार ब्यहोरेको थियो।

#### ग) विराटनगर किङ्गस

विराटनगर किङ्गस पनि एक खेल खेल्नु अगाडिनै प्ले अफ चरणमा प्रवेश गरेको थियो। तर सुदूरपश्चिमाञ्चल टिमलाई पराजित गरेपछि विराटनगर र काठमाडौँ गोर्खाजको समान दश–दश अङ्क भएता पनि रन रेटको आधारमा सुदूरपश्चिमसँग क्वालिफायर्स १ खेल्ने मौका पाएको हो। विराटनगरले यसपाली लिग चरणमा पाँच खेलमा जित्नुका साथै दुई खेलमा पराजय ब्यहोरेको थियो। बिराटनगरले पहिलो खेलमा पोखरा एभेन्जर्सलाई ५३ रनले पराजित गरेको थियो। सो खेलमा बिराटनगरले बनाएको २२० रन नै यसपटकको प्रतियोगिताको सर्वाधिक रन बन्न पुग्यो। विराटनगरले काठमाडौँ गोर्खाजलाई ५ विकेटले, गतवर्षको बिजेता जनकपुर बोल्टसलाई ९ रनले, कर्णाली याक्सलाई ३ विकेटले तथा सुदूरपश्चिमलाई ५ विकेटले हराएको थियो। बिराटनगर टिम चितवन राइनोजसँग ४८ रनले तथा लुम्बिनी लायन्ससँग ३ विकेटले पराजित भएको थियो।

#### घ) लुम्बिनी लायन्स

लुम्बिनी लायन्सले गतवर्षको विजेता जनकपुर बोल्टसलाई ४ विकेटले हराउँदै प्लेअफ चरणमा पुग्न सफल भएको थियो। प्लेअफमा चौंथो टिमका रुपमा प्रवेश गर्न सफलता पाएसँगै जनकपुरका साथै पोखरा तथा चितवन टिम पनि प्रतियोगिताबट बाहिरिएका छन्। यसअघि लुम्बिनीले चितवन राइनोजलाई ६ विकेटले,पोखरा एभेन्जर्सलाई ३ विकेटले तथा विराटनगर किङ्गसलाई ५ विकेटले हराएको थियो। टिम कर्णाली याक्ससँग ९ विकेटले तथा सुदूरपश्चिम रोयल्ससँग ७ विकेटले हारेको थियो। कर्णाली टिम प्लेअफमा भने पुग्न असफल हुने पहिलो टिम थियो।

### सतक कटाउने भाग्यमानी

यसपटक नेपाली तथा विदेशी गरी धेरैले अर्धशतक रन बनाएका थिए तर हालसम्म दुई विदेशी खेलाडी मात्र शतक कटाउन सफल भएका छन्। पोखरा एभेन्जर्सका एडम रोसिङ्गटनले कर्णाली याक्ससंगको खेलमा १०८ रन बनाएका थिए। इङ्गल्याण्डका ३२ वर्षिय रोसिङ्गटनले ५८ बलमा ११ चौका तथा ७ छक्कासहित शतक बनाएका थिए। यस्तै कर्णाली याक्सका लागि स्कटल्याण्डका २९ वर्षिय मार्क वाटले लुम्बिनीविरुद्धको खेलमा ११४ रन बनाएका थिए। हालसम्म सर्वाधिक रन बनाएका खेलाडीहरुमा पोखरा एभेन्जर्सका एडम रोसिङ्गटनले ३२३ रन, कर्णाली याक्सका मार्क वाटले २४२ रन तथा रबि बोपराले २३७ रन बनाउन सफल भएका छन्।

### सर्वाधिक विकेट

हालसम्मका खेलमा सर्वाधिक विकेट लिन सफल खेलाडीहरुमा विराटनगर किङ्गसका कप्तान सन्दिप लामिछाने अग्रपङ्तिमा छन्। उनले हालसम्म कूल १५ विकेट लिएका छन्। सुदूरपश्चिम विरुद्धको खेलमा उनले लगातार ३ विकेट लिई ह्याट्रिक गरेका थिए। यस्तै सुदूरपश्चिम रोयल्सका अविनाश बोहराले १४ विकेट तथा काठमाडौँ गोर्खाजका साहब आलमले १२ विकेट लिएका छन्। उनले पोखरा बिरुध्दको एकै खेलमा ह्याट्रिकसहित ६ विकेट लिन सफल भएका थिए।

### विदेशी खेलाडीको सक्रियता

एनपिएल क्रिकेटमा गत संस्करणमा जस्तै यसपालि पनि सहभागी प्रत्येक टिमले चार विदेशी खेलाडीलाई आफ्नो टिमका तर्फबाट खेलाएका छन्। तर ती खेलाडीमध्ये कोही पूरै खेल अवधिभर नै खेल्दैछन् भने कतिपय खेलाडी केही म्याच खेलेर काठमाडौँबाट फर्किसकेका छन्। अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताकालागि पनि अनुबन्ध भएको कारणले उनीहरु फर्कनु परेको हो तर केही विदेशी खेलाडी प्रतियोगिता जारी भएको अवस्था पनि आएका थिए।

नेपाली क्रिकेट प्रेमीहरुले अन्तराष्ट्रिय रुपमै ख्यातीप्राप्त गरिसकेका विभिन्न विदेशी खेलाडीको उत्कृष्ठ ब्याटिङ, बलिङ, फिल्डिङ हेर्ने अवसर पाएका छन्। प्रत्येक खेलमा कुनै पनि टिमलाई विजयी बनाउन विदेशी खेलाडीहरुको पनि महत्वपूर्ण भूमिका रहेको पाइएको छ। हरेक म्याचमा प्रदान गर्ने गरिएको उत्कृष्ठ खेलाडी पुरस्कार नेपालीका साथै विदेशीले समेत पाएका छन्। विदेशी खेलाडीले यसपटक पहिलोचोटी नेपाली टिमको कप्तानको जिम्मेवारी समेत पाएका छन्। गत संस्करणको विजेता जनकपुर बोल्डस लगातार पराजय हुँदै गएपछि साबिकका कप्तान अनिल शाहलाई परिवर्तन गरी पहिलोपटक विदेशी खेलाडी वायन पार्नेललाई जिम्मेवारी दिइएको थियो। जनकपुरले लुम्बिनीसँगको खेलमा पुनः कप्तान परिवर्तन गरी अर्का विदेशी खेलाडी जान निकोल लफ्टी इटनलाई कप्तान बनाएको थियो।

नेपाली खेलाडीहरुले ख्याती प्राप्त अन्तराष्ट्रिय खेलाडीहरुसँग एकै टिममा रहेर खेल्दै ब्यक्तिगत रुपमा परिचित हुने अवसर पाउनुका साथै खेल कौशल सिक्ने मौका पाएका छन्। विदेशी खेलाडीहरुले नेपालमा सबैभन्दा रुचाएको सन्दर्भ भने नेपाली प्राकृतिक सुन्दरता तथा नेपाली दर्शकहरुको क्रिकेट प्रतिको अत्यधिक अभिरुचि हो। संसारका विभिन्न रङ्गशालामा क्रिकेट खेलिसकेका अन्तराष्ट्रिय खेलाडीहरुले नेपाली दर्शकहरुका साथै नेपालको प्राकृतिक सुन्दरताको खुलेर प्रशंशा गरेका छन्।

### आमाप्रति सम्मान

एनपिएल क्रिकेट खेलाडीहरुको आमाप्रति सम्मान जनाउने महत्वपूर्ण माध्यम पनि बन्न पुग्यो। कतिपय नेपाली खेलाडीका आमा आफ्नो छोराको म्याच हेर्न रङ्गशालामा उपस्थित हुनुभएको थियो। जनकपुर बोल्डस टिमका खेलाडी ललित राजवंशीकी आमा शुभकुमारी देवीको गत साउनमा निधन भएको थियो। खेलाडी राजवंशीले मङ्सिर ११ गतेको खेलमा दिवंगत आमाको नाम अङ्कित जर्सी लगाएर मैदानमा उत्री आमाप्रति सम्मान ब्यक्त गरेका थिए। सोही टिमका अन्य खेलाडीले पनि आआफ्ना आमाको नाम अङ्कित जर्सी लगाएर खेलेका थिए। पोखरा रेन्जर्सले भने हरियो रङको बैकल्पिक जर्सी लगाएर वातावरणप्रति चेतना जगाउने कार्य गरेको थियो। जनकपुर टिमका खेलाडीहरुले लगाएका बैकल्पिक जर्सी लिलाम बिक्री गरेर जेन्जी आन्दोलनका क्रममा सन्तान गुमाएका आमाहरुलाई सहयोग गरिने लक्ष्य राखिएको छ। यस्तै पोखरा टिमको जर्सी बिक्रीबाट उठेको रकम वातावरण संरक्षणमा क्रियाशील सङ्घसंस्थालाई प्रदान गरिने भएको छ।

### रेफ्री पनि नेपाली

एनपिएल क्रिकेटको खेल सञ्चालनकाक्रममा हालसम्म खासै ठूलो विवाद भएको पाइएको छैन। नेपाली तथा विदेशी खेलाडीहरुले एउटै टिममा आबद्ध भएर खेलमा प्रतिस्पर्धा गरिरहेको जस्तै खेल सञ्चालनका लागि अम्पायर तथा म्याच अफिसियल जस्तो निर्णायकको भूमिकामा पनि नेपाली तथा विदेशीहरुको एकसाथ संलग्नता रहेको छ। खेल सञ्चालनमा केही विदेशीका साथै नेपाली अम्पायर पनि क्रियाशील रहेका छन्। बुद्धिबहादुर प्रधान, दुर्गानाथ सुवेदी, विनयकुमार झालगायतका नेपाली अम्पायरले फिल्ड अम्पायर, थर्ड अम्पायर, टिभी अम्पायर जस्तो भूमिका निर्बाह गरिरहेका छन्।

### मिलेमतोप्रति सतर्कता

जारी क्रिकेटमा मिलोमतोबाट नतिजा निकाल्ने कार्य हुन नपाओस् भन्दै नेपाल क्रिकेट सङ्घ क्यानले विशेष सर्तकता अपनाएको छ। एनपिएल क्रिकेट सञ्चालन भइरहेको बेला अनलाइन बेटिङमा संलग्न भएको आरोपमा केही ब्यक्तिलाई पक्राउ गरिएको थियो। यसमा भारतीय नागरिकको सङ्ख्या बढी रहेको छ। कीर्तिपुर रङ्गशालामा खेल सञ्चालन भइरहेको अवस्थामा समेत अनलाइन बेटिङको आरोपमा दर्शक दिर्घाबाटै मानिसहरु पक्राउ पर्नु गम्भीर विषय भएको मानिएको छ। प्रतियोगिता अवधिभरका लागि सुरक्षा कायम गर्न नेपाल प्रहरीले करिब १२ सय सुरक्षाकर्मी खटाएको छ। प्रहरीले एनपिएलकै लागि छुट्टै कन्ट्रोल कक्ष निर्माण गरी ४० वटा सिसिटिभीमार्फत प्रत्यक्ष रुपमा निगरानी गरिरहेको छ। रातिको समयमा खेल सञ्चालन हुँदा रङ्गशालामा जडान गरिएको फ्लडलाइटको प्रकाशले पनि सुरक्षाका लागि सहज भएको तथा ड्रोनमार्फत पनि रङ्गशालाको निगरानी गर्ने गरिएको प्रहरी अधिकारीले जनाएका छन्। यसैगरी प्रतियोगिताका सहभागी खेलाडी तथा अफिसियलहरुको निगरानी सुरक्षाका लागि छुट्टै सुरक्षाकर्मीहरु परिचालन गरिएको छ।

एनपिएल क्रिकेटका हालसम्म भएका खेलकाक्रममा भएका त्रुटीहरुलाई सुधार गर्नेतर्फ क्यानको ध्यान जानु जरुरी देखिएको छ। क्रिकेट म्याच हुन आतुर हुँदै कीर्तिपुर पुग्ने दर्शकहरुको भिड अत्यधिक देखिएकाले उनिहरुको उचित व्यवस्थापन गर्नु अत्यावश्यक मानिएको छ। कतिपय खेलमा हेर्न गएका दर्शकहरुलाई टिकट बिक्री भइसकेको जानकारी दिइएता पनि प्याराफिटमा सिट खाली देखिनु तालमेल देखिदैंन। टिकटको कालो बजारी हुने गरेको गुनासो पनि दर्शकहरुले गर्ने गरेका छन्। यस्तै खेलका क्रममा बेलाबेलामा फ्लडलाइटमा आएका समस्यालाई तत्काल समाधान गर्नु पर्ने देखिएको छ। रङ्गशाला वरिपरि तत्काल सरसफाई गरी वातावरण स्वच्छ राख्न सम्बन्धित अधिकारीले ध्यान दिनुपर्छ।

एनपिएल क्रिकेटको पहिलो संस्करणको सफलतापछि उत्साहित हुँदै नेपाल सरकारले क्रिकेटलाई उचित प्राथमिकता दिएर भौतिक पूर्वाधारतर्फ जुन लगानी गरेको छ, त्यसले दोस्रो संस्करण अझ स्तरीय हुन पुगेको छ। नेपालको सबैभन्दा ठूलो फ्रेन्चाइज प्रतियोगिताका लागि निजी क्षेत्रले दिएको प्राथमिकता पनि प्रशंसनीय रहेको छ। यसको निरन्तरताको लागि लचिलो नीति ल्याएर निजी क्षेत्रको प्रतिबद्धतालाई अन्य खेलहरुमा समेत विस्तार गर्न सरकारको ध्यान जानु जरुरी देखिएको छ। रासस

# सार्वजनिक संस्थानको ४७ अर्ब लगानीको हिसाबमा गडबड

हेमन्त जोशी

सार्वजनिक संस्थानमा गरिएको करिब ४७ अर्ब रुपैयाँ सरकारी लगानीको हिसाब नमिलेको देखिएको छ। अर्थ मन्त्रालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार ऋण तथा शेयर लगानीको विवरण संस्थानका बहीखाताले लामो समयदेखि पुष्टि गर्न सकिएको छैन। राज्यको लगानी कता गयो भन्ने सम्बन्धमा दुई पक्षका कागज मिल्दैनन्, रकम कसरी तलमाथि भयो भन्ने जवाफ भेटिँदैन।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार विभिन्न संस्थानमा शेयरतर्फ २६ अर्ब ३४ करोड २१ लाख रुपैयाँ र ऋणतर्फ २० अर्ब ५३ करोड १८ लाख रुपैयाँ गरी कुल ४६ अर्ब ८७ करोड ३९ लाख रुपैयाँ सरकारी बराबर लगानीको हिसाब मिल्न सकेको छैन। सरकारले धेरै लगानी गरेको भन्छ, तर संस्थानहरुले कम भन्छन्। दशकौं अघिदेखिको हिसाबी गडबडीबारे जिम्मेवार को हो ? भन्ने प्रश्न पनि अनुत्तरित छ।

जलविद्युत् आयोजना, विमानस्थल निर्माण, दूरसञ्चार र खानेपानी जस्ता पूर्वाधार परियोजना सञ्चालन गर्ने भन्दै सार्वजनिक संस्थानमा सरकारले ऋण तथा शेयर लगानी गर्दै आएको छ। तर सार्वजनिक संस्थानमा आन्तरिक नियन्त्रण प्रणालीको अभाव र लेखाजोखासम्बन्धी एकीकृत मापदण्डसमेत नहुँदा नेपाल सरकारले गरेको शेयर तथा ऋण लगानीको यथार्थ आकलन हुन नसकेको हो। यही समस्यालाई सम्बोधन गर्न 'शेयर तथा ऋण लगानी नीति, २०८१' जारी गरिएको भएपनि यो नीति कार्यान्वयन हुनुभन्दा अगावैको हिसाब मिलानमा समस्या छ। स्पष्ट कानूनी तथा नीतिगत मार्गदर्शन र ऋण भुक्तानी अवधि, ब्याजदर एवम् सेवा शूल्क निर्धारणको ठोस आधारबिनै सरकारले गरेका पटके निर्णयबाट करिब ४७ अर्ब रुपैयाँ बराबरको लगानीको हरहिसाब नमिलेको हो। नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल विद्युत् प्राधिकरण, नेपाल वायुसेवा निगम, खानेपानी संस्थानजस्ता निकायको हिसाबी गडबडीको आँकडा उच्च छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार नेपाल विद्युत् प्राधिकरणअन्तर्गत ग्रामीण विद्युतीकरण कार्यक्रममा हालसम्म कति लगानी भएको हो ? भन्ने स्पष्ट तथ्याङ्क हालसम्म भेटिन सकेको छैन। विद्युत् प्राधिकरणमा नेपाल सरकारले गरेको वैदेशिक अनुदानअन्तर्गत प्राप्त सहायतालाई शेयर लगानीका रुपमा कायम गर्न २०६८ पुस १२ गते मन्त्रिपरिषदबाट निर्णय भएको देखिन्छ। त्यस्तै, ग्रामीण विद्युतीकरणका लागि दिइने रकमलाई ऋणको साटो शेयर लगानी मान्ने गरी २०७४ साल जेठ ९ गते मन्त्रिपरिषद्बाट निर्णय भएको थियो। तर ग्रामीण विद्युतीकरणअन्तर्गत साविक कुन कार्याक्रममा कति लगानी भएको हो र कुन कार्यक्रमको स्रोत वैदेशिक अनुदान हो भन्ने यकिन अभिलेख भेटिँदैन। त्यस्तै, नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना हुँदा साविकको हवाई विभागको सम्पत्ति मूल्याङ्कन कति हो भन्नेबारे प्राधिकरण र कार्यालयका विवरणमा एकरुपता छैन।

सरकारी लगानीको हिसाब नमिलेको विषयमा राससले जिज्ञासा राख्दा नेपाल विद्युत् प्राधिकरणले केही प्रक्रियागत त्रुटी भएको र आवधिक रुपमा हिसाब मिलान भइरहेको प्रतिक्रिया दिएको छ। 'पछिल्लो समय विद्युत् प्राधिकरणको पुनर्संरचना भएको छ। तर सरकारले त्यसको फरक–फरक हिसाब राखिसकेको छैन। कतिपय निर्णयहरु हामीले तत्काल कार्यान्वयन गर्छौं तर सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले त्यसमा ढिलाइ गरेका कारण समस्या भएको हुनसक्छ,' प्राधिकरणले भनेको छ, 'आवधिक रुपमा हिसाब मिलानको काम भइरहेको छ। कतिपय निर्णय मन्त्रिपरिषद्बाट गर्नुपर्ने छन्।'

ऋण लगानीको ब्याजदरमा फरक पर्दा र भुक्तानी तालिकामा परिमार्जन हुँदा पनि समस्या देखिएको ऋण व्यवस्थापन कार्यालयको भनाइ छ। सरकारले विकास साझेदारसँग ऋण लिने र त्यही ऋण पुनःसंस्थानमा प्रवाह गर्दा सहायक ऋण सम्झौता गर्ने चलन देखिन्छ। यस्तो अवस्थामा सरकारले विकास साझेदारसँग तोकिएको समयमै ऋणको साँवा ब्याज भुक्तानी गर्दा सरकारसँग सहायक ऋण सम्झौता गरेका संस्थानहरुले भने तोकिएको समयमा साँवा ब्याज तिर्दैनन्। उल्टै आयोजना निर्माणमा ढिलाइ भएको भन्दै ऋण तालिका परिमार्जनको माग गर्ने गरेको देखिन्छ।

सरकार र संस्थानबीच ऋण सम्झौता हुँदा तोकिएको समयअनुसार काम सम्पन्न नभएपछि ऋण तिर्ने समय तालिका परिमार्जन हुनुपर्ने भन्दै विभिन्न निकायहरुले पत्र पठाउने गरेको कार्यालयले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ।

'एकातर्फ नेपाल सरकारले वैदेशिक ऋण सहायता स्रोत रहेको रकम ऋण लगानी गरेको मूल सम्झौता बमोजिम अन्तरराष्ट्रिय विकास साझेदारलाई भुक्तानी गर्नुपर्ने रकम भुक्तानी तालिकाअनुसार अनिवार्य तिर्नुपर्ने र तिर्ने गरेको छ। अर्कोतर्फ भुक्तानी तालिका परिमार्जनको कार्यविधिगत अस्पष्टता रहेको अवस्थामा भुक्तानी तालिका परिमार्जन गर्न जटिलता भएको छ,' नेपाल सरकारको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन–आर्थिक वर्ष २०८१–८२' मा भनिएको छ।

प्रतिवेदनअनुसार विकास साझेदारले संस्थानहरुलाई सोझै भुक्तानी गरेका ऋण लगानीको विवरणमा अस्पष्टता छ। सार्वजनिक संस्थानमा भएको सरकारी ऋण लगानी नउठेको अवस्थामा के गर्ने भन्ने कानूनी स्पष्टतासमेत देखिँदैन। सरकारद्वारा विभिन्न संस्थामा ऋण लगानी गर्नुअघि गरिने तमसुकमा भने जायजेथा बेचेर भएपनि असुल गरिने उल्लेख भएको देखिन्छ। तर त्यतिको भरमा मात्रै सम्पत्ति र जायजेथा बेचेर ऋण असुली गर्नसक्ने अवस्था नरहेको कार्यालयको तर्क छ।

सरकार जमानत बसेको दायित्वको हिसाबमा स्पष्टता छैन। नेपाल सरकारले सार्वजनिक संस्थानलाई दिएको जमानत तथा बैंक–वित्तीय संस्थाबाट ऋण लिएको स्वीकृतिको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसँग छैन। पछिल्लो समय नेपाल विद्युत् प्राधिकरणलाई अल्पकालीन ऋण लिनका लागि सरकारले दिएको स्वीकृतिको जानकारीसमेत कार्यालयलाई गराइएको छैन। महालेखा नियन्त्रक कार्यालयबाट २०७६ सालमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई हस्तान्तरण भएको शेयर तथा ऋण लगानीको अभिलेख नमिलेको बारे अध्ययन गर्न सम्बन्धित संस्थान, विषयगत मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रतिनिधि रहनेगरी कार्यदल गठनको माग कार्यालयले गर्दै आएको छ।

ऋण लिने निकाय र खर्च गर्ने निकाय फरक हुँदा हिसाबमा नमिलेको ऋण व्यवस्थापन कार्यालयको बुझाइ छ। उदाहरणका लागि काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयबीच ऋण तथा लगानीको हिसाब कसले राखेको भन्ने स्पष्टता छैन। सरकारले काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँग सहायक ऋण सम्झौता गरी रकम निकासा गरेको देखिन्छ। तर बोर्डले उक्त रकम काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र सोअन्तर्गतका आयोजना कार्यान्वयन निर्देशनालयलाई दिने गरेको देखिन्छ। "ऋण लिनेले पाइप विस्तारको काम गर्दैन, पाइप विस्तार गर्नेले पानी वितरण गर्दैन, पानी विवरण गरी आयआर्जन गर्नेले ऋण तिर्ने दायित्व वा जिम्मेवारी राख्दैन", सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आफ्नो प्रतिवेदनमा भनेको छ।

अनुदानको रकमलाई ऋणको रुपमा गणना गर्दा हिसाब फरक देखिएको काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकारी सन्तोष बराल बताउँछन्। 'विभिन्न आयोजनाका लागि ५० देखि ८० प्रतिशतसम्म अनुदान र बाँकी रकम ऋणका रुपमा आएको भए पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले यसको हिसाब राख्दा अनुदान र ऋण रकम कति भन्ने नछुटयाएकाले समस्या देखिएको हो,' बरालले भने, 'विगतमा महालेखापरीक्षकको कार्यालयले यो विषय उठाएको रहेछ। अहिले हामीले यसबारे स्पष्ट पारेर कार्यालयलाई जानकारी गराइसकेका छौँ।'

ऋण व्यवस्थापन कार्यालयले संस्थानहरुलाई लगानीको हिसाब मिलाउन पटक–पटक भन्ने गरेको सूचना अधिकारी मोहनसिंह बस्नेत बताउँछन्। 'कुन संस्थानमा सरकारको कति लगानी भएको छ भनेर हेर्ने पहिलो जिम्मेवारी सम्बन्धित विषयगत मन्त्रालय र संस्थान आफैंको हो। हामीले हिसाब मिलानका लागि निरन्तर ताकेता गर्ने गरेका छौँ,' बस्नेतले भने, 'जबसम्म हिसाब मिल्दैन, तबसम्म सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसँग भएको विवरण नै आधिकारिक हो।' कार्यालयले यही मङ्सिर ८ गते खानेपानी संस्थान र मङ्सिर ९ गते नागरिक उड्डयन प्राधिकरणसँग छलफल गरेर मङ्सिर मसान्तभित्र हिसाब मिलाउन भनेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको 'नेपाल सरकारको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन–आर्थिक वर्ष २०८१–८२' अनुसार यस अवधिसम्ममा नेपाल सरकारले विभिन्न १ सय ५९ वटा सार्वजनिक संस्थान तथा निकायहरुमा सेयर तथा ऋणका रुपमा नौ खर्ब ३० अर्ब ८८ करोड चार लाख ६८ हजार रुपैयाँ लगानी गरेको छ। जसमध्ये सेयर लगानी १ सय १६ संस्थानमा चार खर्ब चार अर्ब ८१ करोड ४१ लाख ५८ हजार रुपैयाँ रहेको छ। गत आर्थिक वर्षसम्मको सरकारको कुल ऋण लगानी पाँच खर्ब २६ अर्ब छ करोड ६३ लाख १० हजार रुपैयाँ रहेको छ। जसमध्ये आन्तरिक स्रोतबाट एक खर्ब ५८ अर्ब १८ करोड २१ लाख ८४ हजार रुपैयाँ र वैदेशिक स्रोतबाट तीन खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख २६ हजार रुपैयाँ रहेको कार्यालयले जनाएको छ।

विभिन्न संस्थान र निकायहरुमा सरकारको ठूलो लगानी भए पनि त्यसको प्रतिफल भने कमजोर देखिन्छ। ऋण तथा शेयर लगानी भएका निकायहरुले समयमा सरकारलाई साँवा ब्याज भुक्तानी नगर्दा त्यसको दायित्वसमेत क्रमशः बढ्दै गएको देखिन्छ। 'आर्थिक वर्ष २०८१–८२ सम्ममा भाका नाघेको साँवा दुई खर्ब ५९ अर्ब १९ करोड ९७ लाख तीन हजार १ सय २६ रुपैयाँ र भाका नाघेको ब्याज एक खर्ब ४० अर्ब ८८ करोड २३ लाख ९६ हजार १ सय ६९ रुपैयाँ गरी कूल भाका नाघेको रकम चार खर्ब ८ करोड २० लाख ९९ हजार २ सय ९५ रुपैयाँ रहेको छ,' प्रतिवेदनमा उल्लेख छ।

सार्वजनिक संस्थानको वित्तीय उत्तरदायित्व, अनुशासन, संस्थागन सुशासन र समग्र कार्यसम्पादनको सुनिश्चितता गर्ने र पारदर्शिता कायम गर्ने प्रमुख औजार लेखापरीक्षण हो। कानुनले तोकेको प्रक्रिया र समयभित्र लेखापरीक्षण सम्पन्न गर्नु संस्थानको अनिवार्य दायित्व भए पनि उनीहरुले नियमित लेखापरीक्षण गरेको देखिँदैन। अघिल्लो आर्थिक वर्ष २०८०–८१ सम्ममा २१ वटा संस्थानले मात्र नियमित रुपमा अन्तिम लेखापरीक्षण गरेका छन्। उदयपुर सिमेन्ट, सार्वजनिक सेवा प्रशारण नेपाल र गोरखापत्र संस्थानले आर्थिक वर्ष २०७८–७९ सम्मको मात्रै लेखापरीक्षण गराएको देखिन्छ। त्यस्तै, जनकपुर चुरोट कारखाना र राष्ट्रिय बिमा कम्पनी लिमिटेडले आर्थिक वर्ष २०७६–७७, विशालबजार कम्पनी लिमिटेडले आव २०७५–७६, राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडले आव २०७३–७४ र नेपाल ओरियन्ट म्याग्नेसाइट प्राईभेट लिमिटेडले आव २०६४–६५ यताको लेखापरीक्षण गराएका छैनन्।

'तमसुक, निर्णय तथा सम्झौता प्राप्त हुन नसकेका कतिपय ऋण तथा ब्याजको बक्यौता रकमहरु गणना गर्न सकिएको छैन। जसका कारण यस्तो लगानीको साँवा मात्र समावेश गरिएको छ भने बक्यौता राजस्व आर्थिक विवरणमा उल्लेख गरिएको छैन,' सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनमा भनिएको छ। रासस

# जिल्ला प्रशासन कार्यालयद्वारा सबै सेवा प्रवाह भइराखेको छः प्रजिअ अधिकारी

**तनहुँ ।**
जिल्ला प्रशासन कार्यालय तनहुँले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा करिब १५ हजार सेवाग्राहीलाई सेवा प्रदान गरेको छ । गत भदौ २३ र २४ को जेन्जी प्रदर्शनपछि भने सेवा प्रवाहमा केही असहजता आएको थियो । विभिन्न कठिनाइका बीचमा पनि सेवा प्रवाह नरोकिएको प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिए ।
जेन्जी प्रदर्शनका क्रममा कार्यालय भवन तोडफोड र आगजनी समेत भएको थियो । यस पश्चात् केहीदिन सेवा प्रवाह पूर्णरुपमा अवरुद्ध समेत भएको थियो । केही समयपछि कार्यालय भवन मर्मत तथा वैकल्पिक व्यवस्था गरी हाल नियमित रुपमा सबै प्रकारका सेवा प्रवाह भइरहेको छ ।
उनका अनुसार पाँच हजार तीन सय ८८ जनालाई राष्ट्रिय परिचयपत्र, तीन हजार छ सय ५९ जनालाई राहदानी, तीन हजार छ सय सात जनालाई नागरिकता, एक हजार दुई सय १३ जनालाई सिफारिस÷प्रमाणीकरण सेवा प्रदान गरिएको छ ।
यस्तै चार सय ३४ जनाको गुनासो सम्बोधन, तीन सय ९८ जनालाई संस्था दर्ता र नवीकरण, एक सय ४० जनालाई नाबालक परिचयपत्र, ६५ जनालाई हातहतियार नवीकरण र नामसारी सेवा प्रदान गरिएको प्रजिअ अधिकारीले बताए ।
तीन हजार नागरिकता वितरण, छ जनाद्वारा परित्याग
यस्तै तीन महिनाका अवधिमा तीन हजार छ सय एक जनालाई नागरिकता वितरण गरेको छ । साउनदेखि असोजसम्म एक हजार सात सय २४ नयाँ र एक हजार आठ सय ७७ प्रतिलिपि वितरण गरिएको अधिकारीले बताए ।
उनका अनुसार नयाँ नागरिकतातर्फ एक हजार सात सय १४ जनालाई वंशज (बाबुको आधारमा), पाँच जनालाई वंशज (आमाको आधारमा), तीन जनालाई गैरआवासीय र दुई जनालाई वैवाहिक अङ्गिकृत नागरिकता वितरण गरिएको छ । नौ सय ३३ महिला र सात सय ९१ पुरुषलाई नागरिकता वितरण गरिएको छ ।
प्रतिलिपितर्फ वंशजका आधारमा नौ सय २० महिला र नौ सय ५७ पुरुष गरी एक हजार आठ सय ७७ जनालाई नागरिकता वितरण गरिएको छ । प्रजिअ अधिकारीका अनुसार त्यस अवधिमा दुई महिला र चार पुरुष गरी ६ जनाले नागरिकता परित्याग गरेका छन् ।
गत साउनमा एक हजार चार सय ७९, भदौमा एक हजार ३६ र असोजमा एक हजार ८६ जनालाई नागरिकता वितरण गरिएको उनले बताए । सोही अवधिमा एक सय ४० नाबालक परिचयपत्र वितरण गरिएको छ । अधिकारीका अनुसार नयाँ दर्तातर्फ एक सय ३५ र प्रतिलिपितर्फ पाँच जनालाई नाबालक परिचयपत्र वितरण गरिएको छ ।
यस्तै कार्यालयले एक हजार छ सय ५३ राहदानी वितरण गरेको छ भने दुई हजार जनाको विवरण सङ्कलन गरेको छ । पाँच हजार तीन सय ८८ जनाको राष्ट्रिय परिचयका लागि विवरण सङ्कलन गरिएको छ भने १० हजार पाँच सय ३६ जनाको परिचयपत्र वितरणका लागि सम्बन्धित पालिकामा पठाइएको जनाइएको छ ।रासस

# जिल्ला प्रशासनमा जेन्जी सुशासन योद्धाको नामावली राख्न गृहको परिपत्र

**काठमाडौँ।**
गृह मन्त्रालयले जेन्जी आन्दोलनको क्रममा मृत्यु भएका मध्ये ४५ जना जेन्जी सुशासन योद्धाको नामावली प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा राख्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ।
मन्त्रालयले सोमबार ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै तीन दिनभित्र प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा राख्ने व्यवस्था मिलाउन निर्देशन दिएको हो।
गृहमन्त्री ओमप्रकाश अर्यालले उक्त व्यवस्था गर्नेसम्बन्धी आजै मन्त्रिस्तरीय निर्णय गर्नुभएको मन्त्रालयले जनाएको छ।
गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा मृत्यु भएकामध्ये ४५ जनालाई सरकारले सहिद घोषणा गरेको थियो । सहिद घोषणासम्बन्धी सूचना गत कात्तिक १७ गते नेपाल राजपत्रमा प्रकाशित भएको थियो।रासस

# एमाले महाधिवेशनको तयारी तीव्र

**भक्तपुर।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ महाधिवेशनको उद्घाटनस्थल भक्तपुरको सल्लाघारीमा अस्थायी संरचना निर्माण तीव्र पारिएको छ । महाधिवेशन उद्घाटन हुन पाँच दिन बाँकी रहँदा उद्घाटनस्थलमा मञ्च निर्माण, शौचालय, अतिथिलगायतका लागि आवश्यक अस्थायी संरचनाहरु निर्माण तीव्र पारिएको नेकपा एमालेका पोटिलब्यूरो सदस्य महेश बस्नेतले बताए।
भक्तपुरको मौलिक पहिचान झल्किने गरी परम्परागत शैलीमा निर्माण हुने मञ्चका साथै अन्य संरचनाहरु निर्माण तीव्र गतिमा भइरहेको जानकारी दिँदै उनले उद्घाटनका दिनमा करिब पाँच लाख मानिसको कार्यक्रममा सहभागिता रहने अपेक्षा गरिएको बताए।
उद्घाटन स्थलमा १० हजार स्वयंसेवक परिचालन गरिने र ५५० जना स्वयंसेवक पोसाकसहित सहभागी हुने छन्। युवा सङ्घले ५० हजार कार्यकर्तालाई उद्घाटनस्थलमा ल्याउने र नेसनल भोलिन्टरले १० हजार कार्यकर्तालाई कार्यक्रमस्थलमा स्वयंसेवकका रुपमा परिचालन गर्ने भएको छ।
महाधिवेशनमा सहभागी हुन विभिन्न जिल्लाबाट आउने प्रतिनिधिहरुको सवारीसाधनलाई जगातीबाट ईँटा–टायल कारखाना एवं स्थानीय प्लटिङमा पार्किङ गर्ने र यलीसिहित सल्लाघारी उद्घाटनस्थलमा आउने र पश्चिमबाट आउने सवारीसाधनलाई मध्यपुरथिमिको गट्ठाघरस्थित नागरिक उड्डयन प्राधिकरणको खाली जग्गा एवं कमेरोटार क्षेत्रका खाली जग्गामा पार्किङ गरेर यलीसहित सल्लाघारी आउने व्यवस्था गरिएको उनले जानकारी दिए।
महाधिवेशनमा करिब दुई हजार पाँच सय प्रतिनिधिको सहभागिता रहनेछ । पाँच प्रतिशत मनोनीत हुने प्रतिनिधिको छनोट प्रक्रिया शीर्षस्थ नेताहरुको टोलीले गरिरहेको उनले जानकारी दिए।
यस पटकको महाधिवेशनमा एमालेले कुल प्रतिनिधि सङ्ख्यामा एक चौथाइ जेनजी युवाहरुलाई प्रतिनिधि बनाएको र केन्द्रीय कमिटीमा पनि जेनजीको प्रतिनिधित्व सुनिश्चित गरिने नेता बस्नेतले जानकारी दिए।
यही मङ्सिर २७ गते १२ बजे उद्घाटन सत्र सुरु गरी पार्टी अध्यक्ष केपी शर्मा ओलीले महाधिवेशनको उद्घाटन गर्ने तथा २८ र २९ गते भृकुटीमण्डपमा बन्द सत्र एवं निर्वाचनबाट नयाँ केन्द्रीय कमिटी चयान गरने भएको छ।रासस

# ‘सीमान्तकृत महिलाहरु यौन तथा प्रजनन स्वास्थ्य अधिकारबाट बञ्चित’

**काठमाडौँ।**
एक अध्ययन प्रतिवेदनले सीमान्तकृत महिलाहरु यौन तथा प्रजनन स्वास्थ्य अधिकारबाट बञ्चित रहेको उजागर गरेको छ।
नेपाली समाजको छायाँमा रहेर बाँच्न र काम गर्न बाध्य चार समूहका महिलाः यौन श्रमिक, मनोरञ्जन क्षेत्रमा संलग्न श्रमिक, घरेलु श्रमिक र सशस्त्र द्वन्द्वका क्रममा यौन हिंसाबाट प्रभावित महिलाहरुले यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा दीर्घकालीन उपेक्षा भोगेको अध्ययनले देखाएको हो।
प्रतिवेदनमा यी समूहका महिलाहरूले अत्यन्तै आधारभूत स्वास्थ्य सेवासमेत पाउन संघर्ष गर्नुपरेको उल्लेख छ । तरङ्गिनी फाउन्डेशनको संयोजकत्वमा नेपाल महिला एकता समाज, जागृति महिला महासङ्घ र महिलाको निम्ति महिला मञ्चसँग सहकार्य गरी सन् २०२१ मा गरिएको अनुसन्धानको निष्कर्ष स्वरुप ‘नयाँ सामाजिक अनुबन्धका लागि मानव अधिकारका मार्गहरुः नेपालको स्वास्थ्य अधिकार अन्तर्गतको आधारभूत र अन्य दायित्वहरुको चयनमुखी विश्लेषण’ शीर्षकको प्रतिवेदन सार्वजनिक गरिएको हो।
प्रतिवेदनले चारै समूहका महिलाहरुमा गरिबी, कलङ्क र भेदभाव नै स्वास्थ्य अधिकारको मूल अवरोधका रुपमा देखिएको बताउँदै यी महिलाहरुले अस्पतालमा हुने अपमानजनक व्यवहारका कारण स्वास्थ्य सेवा टारेको र कतिपयले पहिचान लुकाउन लामो दुरीको यात्रा गर्नुपरेको देखाएको छ।
प्रतिवेदनका अनुसार सबै समूहका महिलाले अनियमित महिनावारी, अत्यधिक रक्तस्राव, सेतो पानी बग्ने समस्या, गर्भपतनपछि जटिलता, मानसिक तनावजस्ता समस्या धेरै देखाएका छन् । गरिबी, कलङ्क र असुरक्षित रोजगारीका कारण उनीहरुले समयमै उपचार खोज्न नसकेको उल्लेख गरिएको छ।
मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरू कार्यस्थलमै यौन दुव्र्यवहार, यौन ग्राहकको दबाब, शौचालय नहुँदा हुने असहजता र यौन रोगको उच्च जोखिममा रहेको प्रतिवेदनले बताएको छ। यौन श्रमिकहरूले स्वास्थ्य संस्थामा दुव्र्यवहार, कलङ्क र गोपनीयताको अभावका कारण यौन तथा प्रजनन स्वास्थ्य सेवा लिन डराउने गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।
यसैगरी घरेलु कामदारहरू भारी काम र लामो समय उभिनुपर्ने वातावरणका कारण पाठेघर खस्ने समस्या, मूत्र संक्रमण र शारीरिक चोटबाट बढी प्रभावित छन् । फाउन्डेशनकी कानून अधिकृत अश्रेष्ठा जोशीले अध्ययनले महिलाको कामलाई कामका रुपमा मान्यता दिने र उनीहरुको व्यावसायिक सुरक्षा र स्वास्थ्य अधिकारको संरक्षणसहित सबै क्षेत्र र रोजगारीको स्तरमा महिला श्रमिकहरुको दर्ता सुनिश्चित गर्नेलगायत विविध सुझाव दिएको बताइन।
सो अध्ययनले यौन तथा प्रजनन् अधिकार सुनिश्चित गर्न स्वास्थ्य सेवा मात्र पर्याप्त नहुने स्पष्ट पार्दै कामको सुरक्षा, हिंसामुक्त वातावरण, सामाजिक सम्मान, पोषण, आवास, र भेदभाव हटाउने प्रणालीगत सुधार आवश्यक रहेको निष्कर्ष निकालेको छ।रासस

# भूमिहीन सुकुम्वासी समस्या समाधानको पहल गरिदिन आग्रह

**काठमाडौँ।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले सुकुम्वासी समस्या समाधानका लागि पहल गरिरहेकै अवस्थामा आफ्नो सरकार ढालिएको कारण समस्याको पूर्ण समाधान गर्न नसकिएको बताएका छन्।
नेपाल केन्द्रीय स्तरीय बस्ती व्यवस्थापन समितिको सोमबार ज्ञापनपत्र बुझ्दै संयोजक दाहालले सो कुरा बताएका हुन । पछिल्लो सरकारको नेतृत्व गरेको अवधि चितवन, महोत्तरीलगायत स्थानबाट भूमिहीन तथा सुकुम्वासीको समस्या समाधानको काम सुरु गरिएको भए पनि पछिल्ला सरकारहरूले यसतर्फ आवश्यक पहल नगरेको उहाँले उल्लेख बताए।
साथै, समस्या समाधानका लागि पहल लिने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल केन्द्रीय स्तरीय बस्ती व्यवस्थापन समितिले देशभरका भूमिहीन तथा सुकुम्वासीको समस्या समाधानका लागि तत्काल पहल गर्न नेपाली कम्युनिष्ट पार्टी समक्ष आग्रह गरेको हो।
समितिका अध्यक्ष अजय वैगारसहितको केन्द्रीय कार्यसमितिले आज पार्टी केन्द्रीय कार्यालय, पेरिसडाँडामा संयोजक प्रचण्डलाई भेटी ज्ञापनपत्र बुझाएको हो । दीर्घकालीन रूपमा भूमिहीन, सुकुम्वासी तथा विपन्न नागरिकको जीवनस्तर सुधारका लागि राज्यले प्रभावकारी कदम चाल्नुपर्ने भन्दै समितिले त्यसका लागि सक्रिय पहल गरिदिन आग्रह गरेको छ।रासस

# एमालेमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणमा जोड

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले ११औँ राष्ट्रिय महाधिवेशनबाट नेतृत्व हस्तान्तरण र पुस्तान्तरण हुनुपर्नेमा सो पार्टीका उपाध्यक्षद्वय युवराज ज्ञवाली, सुरेन्द्र पाण्डेलगायत नेताहरुले जोड दिएका छन्।
महाधिवेशनका सन्दर्भमा सोमवार आयोजित अन्तरसंवाद कार्यक्रममा उपाध्यक्ष ज्ञवालीले वर्तमान अध्यक्ष केपी शर्मा ओलीको हालसम्मको योगदानलाई सम्मान गर्दै पार्टीलाई थप लोकतान्त्रिक र व्यवस्थित बनाउन नेतृत्व हस्तान्तरण हुनुपर्ने बताए । बोल्दै उनले सामुहिक नेतृत्वबिना लोकतन्त्र सफल हुन नसक्ने भएकाले पनि आफूहरुले सामूहिक नेतृत्वलाई अघि बढाउने मान्यतालाई स्थापित गराउनका लागि ११ औँ महाधिवेशनमा पोखरेललाई अध्यक्षको रुपमा निर्वाचन गराउन चाहेकोसमेत बताए।
उपाध्यक्ष ज्ञवालीले ओलीले आलोचनालाई सुन्न नचाहने गैरमाक्र्सवाद चिन्तन देखाएकाले पनि त्यस्ता खालको गलत कुराको विपक्षमा उभिनुपर्ने अवस्था आएको बताए।
उपाध्यक्ष ज्ञवालीले आफूहरुले ईश्वर पोखरेलको नेतृत्वमा सामुहिक ढंगले पार्टीलाई अघि बढाउने र लोकतन्त्रको सुदृढीकरणमा नेतृत्वदायी भूमिका खेल्न चाहेको पनि बताए।अर्का उपाध्यक्ष पाण्डेले आफहरुका तर्फबाट महाधिवेशनमा वर्तमान वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल अध्यक्षमा उम्मेदवार बन्ने र अन्य पदाधिकारीको उम्मेदवारीबारे सरसल्लाह भइरहेको जानकारी दिए । पाण्डेले ओलीले पार्टीको महाधिवेशनलाई पञ्चायती व्यवस्थाको गाउँ फर्क अभियानको शैलीमा परिणत गर्न खोजेको टिप्पणी गरेका छन्। पोखरेल पक्षधरहरुले आयोजना गरेको अन्तरसंवाद कार्यक्रममा उनले २०३२ सालमा पंचायती व्यवस्थामा गाउँ फर्क लागू भएपछि गाउँ फर्कने जसलाई टिकट दिन्छ, सोही व्यक्ति मात्रै पञ्च भएर निर्वाचन लड्न पाउने जस्तै ओलीले आफूले तयार पारेको सूचीबाट मात्रै चुनावमा भाग लिन पाउने जस्तो गर्न लागेको दाबी गरे।
‘एउटा लिष्ट पास गर्ने र ती लिष्टमा रहेका मान्छेले मात्रै चुनाव लड्न पाउने। यो त गाउँ फर्क शैली होईन र ? २०३२ सालमा गाउँ फर्क लागू भएपछि यही कुरा गरेको थियो। गाउँ फर्केले टिकट दिन्थ्यो, ती मात्रै मान्छे पञ्च भएर चुनाव लड्न पाउँथे।अरुले लड्न पाउँदैनथे।
अहिले उहाँले के व्याख्या गरिरहनुभएको छ भने कहाँ पूर्वको मान्छेलाई पश्चिमको मान्छेले चिन्छ, दार्चुलाको मान्छेलाई ताप्लेजुङकोले कसरी चिन्ने ? त्यो त नेताले मात्रै चिन्न सक्छ, पाण्डेले अगाडि भने,
‘केही व्यक्तिको निर्णयबाट चल्ने पार्टीको रुपमा रुपान्तरित गर्ने जुन किसिमको परिस्थिति बन्दैछ, यसले गर्दा नेकपा एमाले जनताको बीचमा साँघुरिने, खुम्चिने, आईसोलेशनमा जाने अवस्था देखापर्दैछ । विस्तार भए जानुपर्ने, नवपुस्ताको बीचमा पार्टी विस्तार हुँदै जानुपर्नेमा पनि नवपुस्ताले पनि भन्न थाले चुनाव नहुने पार्टीमा किन जाने आउने ? प्रतिष्पर्धा नहुने पार्टीमा किन आउने ? तोकुवा माथिबाट लिस्ट बेच्ने पार्टीमा किन आउने ? जहाँ हाम्रो कुनै सम्भावना छैना’
नेता पाण्डेले ओली आफ्नै प्रतिबद्धताबाट पछि हटेको टिप्पणी गरे। ओलीकै नेतृत्वमा ७० वर्षे उमेरहद र दुई पटकभन्दा पार्टीको नेतृत्व गर्न नपाउने व्यवस्था गरिएको बताउँदै अहिले ओली त्यसविपरीत फरक ढंगले अघि बढ्न खोजेको उल्लेख गरे।
‘उहाँ आफैले अगुवाई गरेर नेतृत्वको लोकतान्त्रिकरण कसरी गर्ने, पार्टीको लोकतान्त्रिकरण कसरी गर्ने भनेर दुई पटक र ७० वर्षको कुरा उहाँके प्रस्तावमा, उहाँ नै कार्यदलको संयोजक भएर पारित भएको हो । आठौँ महाधिवेशनमा हामीले सर्वसम्मत रुपमा पारित गरेर त्यसपछि निर्वाचन पनि हामीले एकदमै लोकतान्त्रिक ढंगले गर्‍यौं। ९ औं मा भयो, १० औं मा गएपछि उहाँले के भन्नुभयो भने पहिला को उठ्न पाउँछ, त्यो मात्रै मान्छेले उठ्न पाउने।’
उनले कानुनमै राजनीतिक दलमा एक पटकभन्दा बढी नेतृत्व गर्न नपाउनेगरी व्यवस्था गर्नुपर्ने आवश्यकता भइसकेको उल्लेख गरे।
पार्टीका स्थायी कमिटीका सदस्य कर्ण थापाले पार्टीलाई व्यक्तिवादी र एकाधिकारवादी सोचबाट अन्त्य गर्न नयाँ नेतृत्व आवश्यक भएको तथा विधानबाट दुईवर्षे कार्यकाल र ७० वर्षे उमेर हद हटाउन नहुने राखे । नेताहरु परशुराम मेघी गुरुङ र विनोद ढकालले पनि पार्टीभित्र जनताको बहुदलीय जनवादको मान्यताबमोजिम अन्तरपार्टी लोकतन्त्रलाई स्थापित गर्न माग गरे ।
एमालेको ११औँ महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँ उपत्यकामा हुँदैछ।

# मानवअधिकारको रक्षा गर्दै लोकतन्त्रलाई संस्थागत गराउन लागि प्रतिबद्ध छौँः गृहमन्त्री अर्याल

**ललितपुर।**
गृहमन्त्री ओमप्रकाश अर्यालले मानवअधिकारको रक्षा गर्दै लोकतन्त्रलाई संस्थागत गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन । मानवअधिकारका लागि महिला, एकल महिला समूहको संयोजकत्व एवम् एजिङ नेपाल र युनिफिकेसन नेपालको सहसंयोजकत्वका साथै मानवअधिकार तथा सामाजिक न्यायका क्षेत्रमा सक्रिय १२५ संस्थाको सहकार्यमा आजदेखि ललितपुरको जावलाखेलमा सुरु भएको १७औं राष्ट्रिय मानवअधिकार महाभेलालाई सम्बोधन गर्दै गृहमन्त्री अर्यालले वर्तमान सरकार मानवअधिकारको अभिभावक सरकार भएको र हिंसालाई कहिल्यै स्वीकार नगर्ने बताए।
‘मानवअधिकार लोकतान्त्रिक समाजको मेरुदण्ड हो, देशमा सुशासन कायम गरी भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु, नीतिगत सुधार गरी भ्रष्टाचारमुक्त समाजको निर्माण गर्नु वर्तमान सरकारको दायित्व हो, जेनजेड आन्दोलनको अपेक्षा सुशासन र भ्रष्टाचारमुक्त खुला समाज हो, आन्दोलनको म्यान्डेट सुशासन हो, जेनजेड आन्दोलनले जवाफदेहिता खोजिरहेको छ, हामी हिंसालाई निरुत्साहित गर्छौं, प्राकृतिक विपद्बाट हुने घटना रोक्न प्रयास गरिरहेका छौँ,’ उनले भने।
गृहमन्त्री अर्यालले वर्तमान सरकारलाई देशमा चुनाव गराउने जिम्मेवारी रहेको स्मरण गर्दै चुनावका लागि शान्तिसुरक्षा अनिवार्य भएको बताए । उनले मानवअधिकार आयोग र महिला अधिकार आयोगले गरेका सिफारिस कार्यान्वयन नभएको विषयलाई ‘नोटिस’ मा लिएर प्राथमिकता दिएको छु भने।
‘अहिले राष्ट्रिय रूपमा मनोबल खस्किएको अवस्था हामी सचेत भएर लागेका छौँ, हामीले अलिकति विवेक पु¥याउन सकेनौँ भने हिंसा र प्रतिशोधको भावना विकास हुनेछ, यसका हामी सचेत छौँ, प्रधानमन्त्रीले अभिभावकीय भूमिका निर्वाह गरिरहनुभएको छ, उहाँको अभिभाकीय सोचअनुसार गृहमन्त्रीले काम गर्ने हो, राज्यले दमनकारी काम गर्दैन, त्यस्तो आभास भयो भने भन्नुहोला, कानुन कार्यान्वयन पहिलो प्राथमिकता हो, दण्डहीनता हुन दिँदैनौँ,’ गृहमन्त्री अर्यालले भने । नागरिक समाजले समाजका विषयमा आफ्ना धारणा राख्नुपर्नेमा जोड दिँदै उनले नागरिक समाजले आवश्यक विषयमा बोल्दा सरकारलाई पनि सहज हुन्छ भने । गृहमन्त्री अर्यालले मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई स्थानीयकरण गरी नागरिक समाजका तर्फबाट सरकार र सम्बन्धित पक्षलाई जवाफदेही बनाउने उद्देश्यले आयोजित यस महाभेलाको सफलताको कामना गर्दै देशमा हिंसा नदोहोरिने गरी सुशासनको प्रत्याभूति गर्नुपर्नेमा प्रतिबद्ध छौँ भने।
मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगले गरेका सिफारिस कार्यान्वयन नहुँदा आयोगप्रति जनआस्था घट्दै गइरहेको भन्दै सिफारिस कार्यान्वयन गराउन गृहमन्त्री अर्यालको ध्यानाकर्षण गराए । उनले सीमान्तीकृत समुदाय, एकल महिला र पिछडिएको समुदायको मानवअधिकारको रक्षाका लागि अझैसम्म पनि प्रभावकारी काम हुन नसकेको भन्दै त्यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको बताए । उनले भ्रष्टाचारको अन्त्य भएर सुशासन कायम नभएसम्म मानवअधिकारको रक्षा नहुने भन्दै भ्रष्टाचार मौलाउँदा मानवअधिकार ओझेलमा पर्ने बताए । अध्यक्ष मगरले ऐन कानुन बनाएर मात्रै मानवअधिकारको रक्षा नहुनेतर्फ इङ्गित गर्दै बनेका र भएका मानवअधिकारमैत्री कानुनलाई व्यावहारिक रूपमा लागू गर्दै कार्यान्वयन गर्न तीनै तहका सरकार जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिए। रासस

# लुम्बिनी प्रदेशमा करिब १२ हजार सात सय छाडा चौपायाः सर्वेक्षण

**लुम्बिनी।**
लुम्बिनी प्रदेशमा करिब १२ हजार सात सय ३२ छाडा चौपाया रहेको तथ्याङ्क सार्वजनिक भएको छ। प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले छाडा पशु व्यवस्थापनसम्बन्धी गरेको सर्वेक्षण अध्यायन प्रतिवेदनमा प्रदेशमा अझै करिब चार हजार चौपाया व्यवस्थापन बाहिर रहेकाले कानुनी संरचना र सहकार्यलाई परिणाममुखी बनाउनुपर्ने कुरामा जोड दिएको छ।
प्रदेशका विभिन्न जिल्लामा सञ्चालनमा रहेका ३९ गौशालाको क्षमता ११ हजार ६ सय ७७ भए पनि अहिले आठ हजार नौ सय ९५ चौपायाको मात्र व्यवस्थापन भएका तथ्याङ्कमा औल्याइएको छ । ती गौशालाहरुमा थप दुई हजार छ सय ८२ चौपाया राख्न सकिने भए पनि करिब एक हजार चौपाया अझै व्यवस्थापन बाहिर रहने देखिएको उल्लेख छ। कृषिमन्त्री दिनेश पन्थीको संयोजकत्वमा बनेको समितिले स्थलगत अवलोकन, तथ्याङ्क सङ्कलन, अन्तरक्रिया र सरोकारवालासँगका छलफलपछि उक्त प्रतिवेदन तयार पारेको हो । मन्त्रालयले तयार पारेको प्रतिवेदन मुख्यमन्त्री चेतनारायण आचार्यलाई बुझाइएको छ।



प्रतिवेदन बुझ्दै मुख्यमन्त्री आचार्यले छाडा पशु व्यवस्थापनका लागि बनाइने विधेयकलाई हिउँदे अधिवेशनमै पेस गर्न निर्देशन दिए । उनले समुदायसँग सहकार्यमा गौशालालाई व्यवस्थित बनाउनुपर्ने र भविष्यमा नश्ल सुधार तथा जैविक मल उत्पादनलाई प्राथमिकतामा राखेर अघि बढ्ने आधार रहेको बताए।
'भविष्यमा ती गौशालाई नश्ल सुधारका लागि प्रयोग गर्न सकिन्छ', मुख्यमन्त्री आचार्यले भने,'प्रदेशलाई चाहिने पशु चौपाया यिनै गौशालाबाट पूरा गर्न सक्ने आधार रहन्छ । जैविक मलको केन्द्र पनि बन्नसक्ने भएकाले यसलाई दीर्घकालीन योजनाकासाथ अघि बढाउन जरुरी छ।'
छाडा चौपायको समस्या सबैभन्दा बढी तराईका जिल्लामा सबैभन्दा गम्भीर देखिएको छ । धेरै गौशालामा दाना–पानी, जनशक्ति र पशु स्वास्थ्य सेवाको अभाव छ। घाइते, रोगी र अत्यन्त कमजोर अवस्थामा रहेका पशुको व्यवस्थापन चुनौतीपूर्ण रहेको प्रतिवेदनले बताएको छ । कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए।
गौशालामा पशु व्यवस्थापन गर्दा प्रति चौपाया एक सय रुपैयाँ खर्च आउने उल्लेख गरिएको चौपाया संरक्षमा ५० चौपायाको दैनिक रेखदेख, घाँस र दानापानीका लागि एकजना जनशक्ति आवश्यक पर्ने विषयसमेत प्रतिवेदनमा समेटिएको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका निमित्त सचिव अनिल मरासिनीले जानकारी दिए।
तीन तहका सरकारबीच छाडा पशु व्यवस्थापन कसको प्राथमिक जिम्मेवारी हो भन्ने विषयमा स्पष्टता अझै नआएको, निजी वा धार्मिक संस्थाद्वारा सञ्चालित गौशालामा सरकारी लगानीका लागि कानुनी आधार अस्पष्ट भएको जस्ता चुनौती प्रतिवेदनले औंल्याएको छ।
गोबर–मूत्रको प्रविधिमूलक उपयोग, जैविक मलको परीक्षण र बजार व्यवस्थापन कमजोर रहेको, नागरिकस्तरमा दायित्वबोध नबढ्दा रातारात पशु छाड्ने प्रवृत्ति बढेको उल्लेख छ । गाईलाई सांस्कृतिक र धार्मिक रूपमा सम्मान गर्ने परम्परा भएकाले संरक्षणका प्रयासलाई सहज बनाउन सकिने प्रतिवेदनमा उल्लेख छ। केही गौशालाले दूध, मल, बायोग्यास र जडीबुटीजन्य उत्पादनमार्फत आत्मनिर्भरता बढाएको उदाहरणसमेत समेटिएको छ।
समितिले प्रदेशले सशर्त बजेटमार्फत गौशाला पूर्वाधार निर्माणमा सहयोग गर्ने, स्थानीय तहले जग्गा र घाँस व्यवस्थापनमा नेतृत्व लिनुपर्ने, पशु ट्यागिङ अनिवार्य गर्ने र गौशालामा पशु दिन चाहनेबाट रु पाँच हजार सहयोग लिने व्यवस्था मिलाउन सुझाव दिएको छ । जैविक मलमूत्रको प्रशोधन तथा बजार व्यवस्थापनमा सुविधा, नमूना कानुन बनाएर स्थानीय तहलाई कार्यान्वयनमा मार्गदर्शन गर्ने प्रस्ताव पनि प्रतिवेदनमा समावेश छ।
विधेयक पारित भएपछि छाडा पशु व्यवस्थापनमा प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिकासहित समन्वय बढ्ने, सडक दुर्घटना र बाली नष्ट हुने समस्या घट्ने, पशु स्वास्थ्य सेवा सुधारिने र गौशाला क्रमशः आत्मनिर्भर बन्दै जाने प्रतिवेदनको निष्कर्ष छ।रासस

# अण्डा उत्पादन गरेर मासिक दुई लाख ५० आम्दानी

**महेन्द्रनगर ।**
एघार वर्षअघि रोजगारीको सिलसिलामा मलेसिया पुगेका कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–१ बन्साहका धर्मेन्द्र राना अहिले गाउँमै मेहनत गरेर मासिक एक लाख ५० लाख रुपैयाँ आम्दानी गरिरहेका छन् । सन् २०१४ मलेसिया पुगेका २६ वर्षीय उहाँ एक वर्षमै स्वदेश फर्किए ।
'एजेण्टले भने अनुसार तलब नदिएपछि वर्ष दिनमै घर फर्किए ।' रानाले भने, 'मलेसियाबाट आएर भारतका विभिन्न ठाउँमा पनि रोजगारीका लागि कुदेँ ।'दुई वर्षअघि गाउँमै फार्म बनाएर अण्डा उत्पादनमा जुटेका रानाले छोटो समयमै व्यवसायमा सफलता हात पारेको बताउँछन् । 'अहिले चार हजार कुखुराले अण्डा दिँदैछन् ।' उनले भने,'मासिक नौ÷दश लाखको कारोबार भए पनि मुनाफा अढाइ लाख भइरहेको छ ।'
व्यवसायी रानाले कात्तिक महिनादेखि माघसम्म अण्डाको व्यापार राम्रो हुने गरेको बताए । 'एक हजार पाँच सय कुखुरा पाल्नबाट सुरु गरेको अहिले चार हजार कुखुरा छन् ।' उनले भने–' तीस लाख रुपैयाँ बाट सुरु गरेको कारोबार अहिले ८० लाखको हाराहारीमा पुगिसकेको छ ।' अहिले दैनिक दुई हजार पाँच सय देखि तीन हजार अण्डा बिक्री हुने गरेको छ ।
मलेसिया रोजगारीका बेला मामा नातापर्ने सीताराम राना त्यहाँ अण्डा उत्पादन कम्पनीमा कार्यरत थिए । 'मामालाई भेट्न जाँदा आफूमा पनि स्वदेश गएर उत्पादनमा लाग्ने सोच पलायो, फर्किए पनि । लगानी नहुँदा केही समय भारत पनि पसेँ ।' उनले भने–'धान कुटानीको मिल बिक्री गरेर आएको रकम अण्डा उत्पादनका लागि लगानी गरेर अघि बढे ।'
कृषि ज्ञान केन्द्र, पशु कार्यालय लगायतका सरोकार वाला निकायबाट भने कुनै खालको अनुदान रकम नपाएको रानाको भनाइ छ ।
उनले कञ्चनपुरमै पहिलो पटक आधुनिक (केजस्टक) प्रविधिबाट अण्डा उत्पादन गर्ने कुखुरा पालेका हुन । 'गाउँ घरमा राना थारु समुदायले परम्परागत रुपमा त कुखुरा पाल्न थालेको दशकौँ भयो होला तर व्यावसायिक रुपले आधुनिक प्रविधिसँग जोडिएर यहाँ सुरु मैले नै गरेको हुँ ।' व्यवसायी रानाले भने–'लगानी, सीप र मेहनत भए रोजगारीका लागि खाडीमूलुक जान पर्दैन ।' हाल भइरहेको आम्दानीबाट रानाले कुखुरा फार्ममै लगानी विस्तार गरिरहेका छन् ।
उनले फार्मबाट उत्पादन भएको अण्डाको बिक्रीका लागि बजारको कुनै समस्या नरहेको बताए । 'यहाँको सबैजसो पालिकाका बजारमा अण्डा दैनिक बिक्री वितरणका लागि गइरहेको छ ।' रानाले भने 'स्वदेश मै उत्पादनमूलक कार्यमा जुटेका हामी जस्ता युवाहरुलाई प्रोत्साहनका सरकारले ध्यान दिनुपर्छ ।'
'निम्न आयस्तर भएको युवालाई कृषि, उत्पादनमा लाग्दा स्थानीयदेखि केन्द्र सरकारले सहयोगी प्याकेज दिनुपर्छ ।' उनले भने–'वास्तविक किसानसम्म सरकारको सहयोग पुग्ने हो भने धेरै युवाहरु घर आँगनमै रोजगारी पाउँछन् ।'रासस

# टेम्केमैयुङका कृषि उत्पादनको काठमाडौँमा प्रदर्शनी



**भोजपुर ।**
टेम्केमैयुङ गाउँपालिकाले आफ्ना स्थानीय उत्पादनलाई देश–विदेशमा चिनाउने उद्देश्यसहित राजधानी काठमाडौँमा विशेष प्रदर्शनी आयोजना गरेको छ ।
स्थानीयस्तरमा उत्पादन हुने कृषि, खाद्य तथा परम्परागत सामग्रीको बजार विस्तार र वृद्धि गर्न बत्तिसपुतलीस्थित अनुपम फुडल्यान्डमा 'टेम्केमैयुङ स्थानीय उत्पादन प्रदर्शनी' राखिएको हो । गाउँपालिका अध्यक्ष सरोज बस्नेतका अनुसार टेम्केमैयुङमा उत्पादन भइरहेका कृषि वस्तु, स्थानीय परिकारबारे राजधानीका उपभोक्ता, व्यापारी तथा सम्भावित लगानीकर्तालाई जानकारी गराउने मुख्य उद्देश्य रहेको छ ।
प्रर्दशनीमा फापरको पीठो, भटमासको किनिमा, मौरीको मह, कादोको पीठो, मकैको चामल, सुन्तला, किवी, एभोकाडो, स्थानीय चिया, अकबरे खुर्सानी, सिस्नोको फूललगायत गाउँपालिकाका पहिचानयुक्त उत्पादन प्रदर्शित गरिएको अध्यक्ष बस्नेतले बताए ।
स्थानीय कृषकलाई बजारमा प्रत्यक्ष पहुँच दिने र टिकाउ उत्पादन प्रणालीलाई प्रोत्साहन गर्ने उद्देश्यसहित प्रदर्शनीले महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छ । यस्ता उत्पादनको माग बढ्दै गएकाले गुणस्तरीय उत्पादनमार्फत गाउँपालिकालाई कृषिमा आधारित समृद्धितर्फ अघि बढाउन सम्भावना देखिएको गाउँपालिकाले जनाएको छ । रासस

# स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न विराट ट्रेड एक्स्पो

**मोरङ ।**
कोशी प्रदेशका घरेलु उद्योग एवं कृषि उत्पादनलाई प्रोत्साहन गर्न विराटनगरमा विराट ट्रेड एक्स्पो आयोजना गर्ने भएको छ । मोरङ उद्योग व्यापार सङ्घ विराटनगरले आगामी पुस दोस्रो सातादेखि अन्तरराष्ट्रिय स्तरीय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी विराट ट्रेड एक्स्पो आयोजना गर्ने लागेको आयोजित पत्रकार जानकारी दिइयो ।
विराटनगर–१ जिल्ला प्रहरी कार्यालय मोरङ नजिक आगामी पुस ९ देखि १९ गतेसम्म विराट ट्रेड एक्स्पो २०२५ आयोजना हुने मोरङ उद्योग व्यापार सङ्घले जानकारी दिएको छ । एक्स्पोका संयोजक अमितकुमार सारडाका अनुसार एक्सपोमा २३० वटा स्टलहरु रहनेछन् भने अहिलेसम्म २६ वटा स्टल विदेशीहरुले बुक गरिसकेका छन् ।
एक्स्पोमा नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुका साथै भारत, बङ्गलादेश, पाकिस्तानका उत्पादित वस्तुहरु रहने संयोजक सारडाले बताउनुभयो । एक्स्पो आयोजनाका लागि रु दुई करोड ५० लाख खर्च हुने र करिब रु ४० करोडको कारोबार हुने बताइएको सङ्घका अध्यक्ष अनुपम राठीले जानकारी दिनुभयो । सङ्घले यसअघि विसं २०५३, २०५७, २०६२, २०७०, २०७५, २०७८ र २०७९ मा व्यापार मेला आयोजना गरेको थियो ।रासस

# बुटवलमा औद्योगिक प्रदर्शनी तथा पर्यटन महोत्सव

**काठमाडौँ ।**
रुपन्देही उद्योग सङ्घको आयोजना तथा बुटवल उपमहानगरपालिका र नेपाल उद्योग परिसङ्घको संरक्षकत्वमा आगामी पुस ३ गतेदेखि १७ गतेसम्म '१६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव २०८२' बुटवलमा आयोजना हुने भएको छ ।
रुपन्देही उद्योग सङ्घले सोमवार पत्रकार सम्मेलन गर्दै महोत्सवबारे जानकारी दिएको हो । सङ्घका अध्यक्ष तथा महोत्सव मूल समिति संयोजक कृष्णप्रसाद पराजुलीले स्वदेशी उत्पादनको प्रवद्र्धन तथा औद्योगिक सम्भावनाका खोजी गर्ने मुख्य उद्देश्यका साथ यो प्रदर्शनी आयोजना गर्न लागिएको बताए ।
'स्वदेशी उत्पादनको प्रदर्शनीसँगै नयाँ प्रविधिको खोजी, कृषिको व्यावसायिकरण, पर्यटन प्रवद्र्धन, युवा उद्यमीलाई प्रोत्साहन, कला तथा संस्कृतिको जगेर्नालगायतका उद्देश्य राखेको यो प्रदर्शनी तथा महोत्सव आयोजना गर्न लागिएको हो', पराजुलीले भने, 'स्वदेशी उद्योगका उत्पादन मात्रै प्रदर्शन हुने यस महोत्सवमा नेपाल उद्योग परिसंघले संचालन गरिरहेको 'मेक इन नेपाल स्वदेशी अभियान' लाई थप प्राथमिकताका साथ अगाडि बढाइनेछ ।'
बुटवलस्थित अन्तरराष्ट्रिय प्रदर्शनी केन्द्रमा आयोजना हुने औद्योगिक प्रदर्शनीमा औद्योगिक प्रविधि, कृषि, हस्तकला, लत्ताकपडा, छालाजुत्ता, बेकरी, खाद्यान्न, सूचना प्रविधिलगायत क्षेत्रका ५०० भन्दा बढी स्टल रहने आयोजकले जनाएको छ । त्यस्तै, प्रदर्शनीलाई मनोरञ्जनात्मक बनाउन लोकदोहोरी प्रतियोगिता, विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, अन्तरकलेज वक्तृत्वकला प्रतियोगिता, लोक भजन प्रतियोगितालगायतका प्रतिस्पर्धा र विभिन्न कलाकारका प्रस्तुती रहने जनाइएको छ ।
सङ्घले २०४५ सालमा नेपालमै पहिलो पटक र २०५३ सालदेखि निरन्तर औद्योगिक प्रदर्शनी आयोजना गर्दै आइरहेको छ । स्वेदशी उत्तपादनहरुको प्रदर्शन र बजारीकरण, प्राविधिक र व्यावसायिक अनुभवको आदानप्रदान, नेपाली उद्योगको लागि अवसरको खोजी, उत्पादन उपभोक्ताबिज्ञहरु र सरकारी निकायबीच अन्तरसम्वाद, आन्तरिक तथा बाह्य औद्योगिक वातावरणको जानकारी, निर्यातमूलक उद्योगको पहिचान र प्रोत्साहनलगायतका उद्देश्यले यस्तो प्रदर्शनी आयोजना हुँदै आएको सङ्घले जनाएको छ ।रासस

# गत हप्तादेखि पुँजीबजार निरन्तर ओरालो

**काठमाडौँ ।**
पछिल्लो छ कारोबार दिन पुँजीबजार निरन्तर ओरालो देखिएको छ । गतहप्तादेखि निरन्तर घटिरहेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा यस हप्ता कारोबारको दुवै दिन गिरावट देखिएको हो । आइतबार २१ दशमलव ४८ अङ्कले घटेको नेप्से परिसूचक आज तीन दशमलव शून्य दुई अङ्कले घटेर दुई हजार ६०६ दशमलव ६७ को बिन्दुमा कायम भएको हो ।आज ३३१ कम्पनीको एक करोड एक लाख ४६ हजार ४०० कित्ता शेयर ८३ हजार २७३ पटक खरिद बिक्री हुँदा चार अर्ब ६६ करोड ९५ लाख ४८ हजार ७४२ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।
आजको कारोबारमा जलविद्युत् समूह शून्य दशमलव १२, जीवन बिमा शून्य दशमलव ५०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६१, निर्जीवन बिमा शून्य दशमलव शून्य पाँच र व्यापार समूह शून्य दशमलव ४१ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ६७, विकास बैंक शून्य दशमलव ११, वित्त शून्य दशमलव ५७, होटल तथा पर्यटन शून्य दशमलव २३, लगानी शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव २९, म्युचुअल फण्ड शून्य दशमलव शून्य चार र अन्य समूह शून्य दशमलव २१ प्रतिशतले घटेको छ ।
अपर स्याङ्गी हाइड्रोपावर लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड, झापा इनर्जी लिमिटेड र श्रीनगर एग्रीटेक इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव १६ प्रतिशतले घटेको छ ।
कारोबार रकम र शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको ५५ करोड ८६ लाख ६७ हजार ८७४रुपैयाँ बराबरको १३ लाख ४८ हजार ८६१ कित्ता शेयर किनबेच भएको छ ।रासस

# चीनमा ऊर्जा र उच्च–प्रविधिको विस्तारले अर्थतन्त्रलाई नयाँ गति

चीनको अर्थतन्त्र सन् २०२५ को अन्त्यतिर पनि मजबुत देखिएको छ। भू–राजनीतिक तनाव र व्यापारिक चुनौती कायम रहँदा पनि चीनको मजबुत आर्थिक आधार, नीतिगत सक्रियता र औद्योगिक रूपान्तरणले विश्वभर सकारात्मक अपेक्षा बढाएको छ।
गोल्डम्यान स्याक्सले हाल प्रकाशित प्रतिवेदनमा सन् २०२५ का लागि चीनको जिडिपी वृद्धि दर ४।९ प्रतिशतबाट बढाएर ५ प्रतिशत पु¥याएको छ।
प्रतिवेदनले आगामी केही वर्षमा चीनको वास्तविक निर्यात वृद्धि ५ देखि ६ प्रतिशतसम्म पुग्ने अनुमान गरेको छ, जसले विश्व बजारमा चीनको प्रतिस्पर्धात्मक क्षमता निरन्तर विस्तार भइरहेको सङ्केत गर्छ।
पारम्परिक उद्योगको उन्नयन र नयाँ ऊर्जा तथा प्रविधि–आधारित उद्योगको तीव्र विकासले यो वृद्धि सम्भव भएको बताइएको छ।
आर्थिक सहयोग तथा विकास सङ्गठन (ओईसीडी) ले पनि चीनको वृद्धि पूर्वानुमान ५ प्रतिशतमा संशोधन गर्दै चीनलाई विश्व आर्थिक स्थिरताको महत्वपूर्ण आधारको रूपमा स्वीकार गरेको छ। ओईसीडीका अनुसार आय वृद्धि, उपभोग विस्तार र सवारीसाधन तथा घरायसी सामान अदला–बदली कार्यक्रमले आन्तरिक मागलाई उल्लेखनीय रूपमा बढाएको छ।
डोइचे बैङ्क, मर्गन स्ट्यान्लीजस्ता प्रमुख अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले चीनको नीतिगत क्षमतालाई बलियो र प्रभावकारी रहेको निष्कर्ष निकालेका छन्।
डोइचे बैङ्कका अनुसार ५०० अर्ब युआन बराबरको नयाँ वित्तीय साधनले सन् २०२५ को अन्तिम त्रैमासिक र सन् २०२६ को प्रारम्भमा घरेलु मागलाई थप मजबुत बनाउनेछ।
स्वदेशी विश्लेषकहरूले पनि चीनको विशाल बजार, सुव्यवस्थित औद्योगिक श्रृङ्खला, प्रविधि–आधारित व्यापार संरचना सुधार तथा उदाउँदो उपभोग क्षेत्रलाई भविष्यको वृद्धि इन्जिनका रूपमा देखेका छन्। घरेलु उत्पाद र नयाँ व्यवसाय मोडेलहरूको विश्व बजारमा बढ्दो स्वीकार्यता चीनको आर्थिक सम्भावनालाई थप मजबुत बनाएको छ।
उच्च–गुणस्तरीय विकास, स्थिरता र पुनर्जीवन क्षमताजस्ता मूल आधारहरू अपरिवर्तित रहेको र चीनले विश्व अर्थतन्त्रमा स्थिरता र वृद्धि दुवैका लागि महत्वपूर्ण भूमिका खेलिरहने विश्लेषकहरूको निष्कर्ष छ ।एजेन्सी

# नेपालगञ्ज–दिल्ली सिधा हवाई उडानका लागि सरकारको ध्यानाकर्षण

**नेपालगञ्ज ।**
निजी क्षेत्रले नेपालगञ्ज–दिल्ली सिधा हवाई उडानका लागि सरकारको ध्यानाकर्षण गराएको छ । सो उडान सन्दर्भमा आइतबार नेपालगञ्जमा अर्थमन्त्री रामेश्वर खनालमार्फत प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र बुझाउँदै उद्योग वाणिज्य सङ्घ, नेपालगञ्जका अध्यक्ष टङ्क धामीले विगत एक दशकदेखि नेपालगञ्ज–दिल्ली हवाई उडानका लागि निरन्तर प्रयास गर्दै आएको बताए ।
उनले सिधा हवाई सम्पर्कले यस क्षेत्रको व्यापार उद्योग, पर्यटनलगायतका क्षेत्र चलायमान हुने भएकाले उडानका लागि पूर्वाधार निर्माणसमेत भएकामा सरकारका तर्फबाट नीतिगत र कार्यान्वयनका कदम चाल्न आग्रह गरे ।
अर्थमन्त्री खनालले अहिलेको सरकार विशेष परिस्थितिमा निर्माण भएकाले चाहना हुँदाहुँदै काम गर्न नसकिने स्पष्ट पारे ।
आगामी फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनपछि नयाँ सरकार निर्माण हुने उल्लेख गर्दै उनले यो सरकार अब तीन महिनाको लागि मात्रै भएको बताए ।
'राजनीतिक स्थितिलाई बिगार्ने र निर्वाचनका कामलाई प्रभावित गर्ने काम हामीबाट हुँदैन', उनले भने ।
नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य अब्दुल वाहिद मन्सुरीले वस्तुको भन्सार दर घटाउन सरकारलाई आग्रह गर्दै तस्करीका कारण नेपाली व्यवसायी मर्कामा परेको बताए ।
सङ्घका अध्यक्ष धामीले रुपैडिहाबाट सामान ल्याउँदा ठूलो परिमाणमा भन्सार चुहावट भएको उल्लेख गर्दै त्यसरी हुने चुहावट रोक्न आवश्यक भएको धारणा राख्नुभयो । सङ्घले विभिन्न विषय समेटेको २१ बुँदे ज्ञापनपत्र बुझाएको थियो ।रासस

# मुस्ताङमा हिउँ चितुवा अध्ययन गर्न 'क्यामेरा ट्यापिङ' गरिँदै

**मुस्ताङ ।**
हिमाली जिल्ला मुस्ताङमा दुर्लभ हिउँ चितुवाको सङ्ख्या पत्ता लगाउन अध्ययन सुरुआत गरिएको छ । बायोकोस नेपाल र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय जोमसोमको संयुक्त समन्वय र सहकार्यमा यहाँका उच्चलेंकमा हिउँ चितुवा सङ्ख्या एकीन गर्न क्यामेरा ट्यापिङमार्फत अध्ययन अनुसन्धान सुरु गरिएको हो ।
बायोकोर्स नेपाल र एक्याप मिलेर यहाँको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गतका उच्चलेंकमा हिउँ चितुवाको सङ्ख्या एकीन गर्न, हिउँ चितुवाको आहारा प्रजातीको अवस्था र मानव र हिउँ चितुवा बीचको द्वन्द्वको अवस्था पहिल्याउन र जलवायु परिवर्तनका कारण हिउँ चितुवाको बासस्थान र विद्यमान अवस्थाको जानकारी लिने उद्देश्यले हिउँ चितुवाको अध्ययन अनुसन्धान गर्न क्यामेरा ट्ययापिङ सुरु गरिएको बायोकोस नेपालका फिल्ड बायोलोजिस्ट बुद्धिबहादुर गुरुङले जानकारी दिए । उनका अनुसार गत हप्तादेखि यहाँको वारागुङ मुक्तिक्षेत्रको झोङ,पुडाक, छेङ्गुर,थोरङ्फेदी, फल्याक,धार्काजुङ र मुस्ताङ—डोल्पा सडकको उच्चलेंकमा १५ थान क्यामेरा जडान गरिएको बताए ।
आजदेखि यहाँको घरपझोङ गाउँपालिका अन्तर्गत स्याङ,मार्फा र चिमाङ गाउँको उच्चलेंकमा थप क्यामेरा हिउँ चितुवा ट्यापिङका लागि थप क्यामेरा जडान गरिने कार्यक्रम रहेको उहाँले जानकारी दिए । यहाँका उच्चलेंकमा हिउँ चितुवाको विस्तृत अध्ययन अनुसन्धानका गर्न बायोकोसका प्रतिनिधि बायोलोजिस्ट गुरुङ र असिस्टेन प्रवीन लामा क्यामेरा जडानकार्यमा खटिएका छन् । यसैगरी एक्याप जोमसोमबाट प्राकृतिक स्रोत संरक्षण सहायक दीपक ओली खटिनु भएको हो ।
बायोकोस र एक्यापका प्राविधिक टोलीले यहाँका उच्चलेंकमा हिउँ चितुवाको सम्भावित बासस्थान क्षेत्रमा पुगेर क्यामेरा जडान गरेका हुन ।
यहाँका सम्भावित हिउँ चितुवा बासस्थान क्षेत्रलाई केन्द्रित गरी राखिएका ट्ययापिङ क्यामेरा दुई महिनासम्म लेंकमा राखिने छन् । हिउँद याममा हिउँ चितुवाको सङ्ख्या एकीन गर्न र हिउँ चितुवाको गतिविधि थाहा पाउँन क्यामेरा जडान गरिएको हो । कायोकोसका प्रतिनिधि बोलोलोजिस्ट गुरुङले दुई महिनापछि उच्चलेंकमा राखिएका क्यामेराको डाटा सर्वेक्षण गरिने जानकारी दिए ।' दुई महिनापछि क्यामेरा झिकेर ल्याउँछौँ, सफ्वेयर अपडेट गरी हिउँ चितुवाको विस्तृत विवरण सङ्कलन हुन्छ, प्रतिनिधि गुरुङले भने,' क्यामेरामा कैंद भएका डाटा सबै एक्यापलाईनै हस्तान्तरण हुन्छ, हामीले हिउँ चितुवाको एकीन मात्रै गर्छौं ' बायोकोस नेपालले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको विभिन्न क्षेत्रमा हिउँ चितुवाको अध्ययन गर्न क्यामेरा ट्यापिङ लगायतका कार्य गर्दैआईरहेको प्रतिनिधि गुरुङको भनाइ छ ।
मुख्य रुपमा नाउन अध्ययनका लागि कार्य गरिने भए पनि बायोकार्सले त्यसको साथसाथैमा हिउँ चितुवाकोसमेत अध्ययन गर्ने गरेको जनाएको छ । सन् २०२२ देखि लगातार मनाङमा चार वर्षसम्म निरन्तर हिउँ चितुवाको अध्ययन गर्न क्यामेरा ट्ययापिङ गर्ने गरिएकोमा यसपालि मुस्ताङमा यसप्रकारको कार्यक्रम पहिलो भएको बायोलोजिस्ट गुरुङले जानकारी दिए ।
यसैगरी माथिल्लो मुस्ताङमा पनि एक हिउँ चितुवासम्बन्धी विद्यावारिधि विद्यार्थीले क्यामेरा ट्ययापिङमार्फत हिउँको अध्ययन सुरु गरेका एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलले जानकारी दिए । मुस्ताङमा पटक पटक हिउँ चितुवा अध्ययनका लागि क्यामेरा ट्ययापिङ लगायतका काम भए पनि हालसम्म कतिको सङ्ख्यामा हिउँ चितुवा छन् भन्ने तथ्य एकीन हुन सकिरहेको छैन ।
पछिल्लो समय मुस्ताङमा हिउँ चितुवा र मानव बीचको द्वन्द्व बढेको देखिन्छ । हिउँ चितुवा उच्चलेंक छाडेर सडक र बस्तीमा झर्ने र यहाँका पशुपालकको गोठमै पसेर पशुचौपाया लगायतलाई क्षति पु¥याउने घटना दोहोरिरहेका छन् ।
पछिल्लो समय जलवायु परिवर्तनका कारण उच्चलेंकमा चरनक्षेत्रमा घाँस पलाउन छाडेको र पानीका स्रोत सुक्दै जान थालेपछि हिउँ चितुवाको आहारा नाउर खोला र बस्तीसम्म झर्ने गरेको पाइएको छ । हिउँ चितुवा नाउर लगायतका आहारा पछ्याउँदै खोला र बस्तीमा झर्दा मानव र हिउँ चितुवाबीचको द्वन्द्व बढेको हो ।
यहाँ हिउँ चितुवाको संरक्षण र मानव बीचको सहअस्तित्व निर्माण गर्नसमेत चुनौती बढदै गईरहेको छ । यसैगरी कम उचाइको क्षेत्रमा रहने चितुवा (कमन लियापार्ट) पनि तापक्रम वृद्धि हुँदै जाँदा माथिमाथि बासस्थान सार्ने लगायतका घटना पनि देखिन थालेका छन् ।रासस

# भन्सार एजेन्टद्वारा काम ठप्प

**मधेशदृष्टि**
**वीरगंज ।**
भन्सार विभागले हालै लागू गरेको नयाँ नियमका कारण भन्सारमा काम गर्ने एजेन्टहरूले अहिले वीरगंजलगायत देशका सबै भन्सार कार्यालयमा काम ठप्प पारेका छन् । स्रोतका अनुसार, नियम लागू भएपछि एजेन्टहरूलाई काम गर्न अप्ठ्यारो भएको र असहमति व्यक्त गर्दै उनीहरूले काम रोकेका हुन् । यस कारण अहिले सयौँ गाडी वीरगंजस्थित भन्सार कार्यालयमै रोकिएका छन् । भन्सार प्रक्रिया ठप्प भएपछि, दैनिक करोडौँ रुपैयाँ राजस्व गुम्ने अवस्था सिर्जना भएको छ । यसले व्यापारिक क्रियाकलापमा पनि ठूलो असर पारेको छ । स्थानीय प्रशासन र भन्सार विभागले समाधान खोज्ने प्रयास गरिरहेका छन्, तर हालसम्म कुनै ठोस परिणाम आएको छैन ।

# सरावगीद्वारा उम्मेदवारी घोषणा

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेको ११औँ महाधिवेशनमा वीरगंज महानगरपालिकाका पूर्व मेयर विजय कुमार सरावगीले केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । व्यवसायी पृष्ठभूमिका सरावगीले मधेशी कोटाबाट केन्द्रीय सदस्यमा चुनाव लड्ने तयारी गरेको बताए ।
नेकपा एमालेको महाधिवेशन यहीँ मंसिर २७ गतेदेखि भक्तपुरको सल्लाघारीमा शुरु हुँदैछ । गएको स्थानीय तह निर्वाचनमा एमालेका तर्फबाट मेयर पदका उम्मेदवार बनेका सरावगीले यसपटक पार्टीको केन्द्रीय नेतृत्वमा पुग्ने लक्ष्य लिएका हुन् । सरावगीले उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) छोडेर एमाले प्रवेश गर्ने समयमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले उनलाई केन्द्रीय सदस्य बनाउने आश्वासन दिएका थिए । तर, महाधिवेशनपछि पार्टी प्रवेश गरेका कारण देखाउँदै उनलाई केन्द्रीय सल्लाहकार परिषद सदस्यको जिम्मेवारी दिइएको थियो ।

# प्रतिनिधि सभा निर्वाचन ८७ दिन बाँकीः यस्ता छन् चुनाव चिह्न

**काठमाडौँ।**
निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि चुनाव चिह्न प्रदान गरेको छ।
आयोगमा १२० राजनीतिक दलले प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिन आवेदन दिएका थिए । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार १०२ राजनीतिक दललाई एकल रुपमा चुनाव चिह्न प्रदान गरिएको छ।
१२ राजनीतिक दलले संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने भनी आवेदन दिएकाले संयुक्त चुनाव चिह्न प्रदान गरिएको हो । यस आधारमा आयोगले कूल १०७ वटा चुनाव चिह्न प्रदान गरिएको जनाएको छ । आयोगमा कूल १४३ राजनीतिक दल दर्ता कायम भएका छन् । निर्वाचनमा भाग लिने दलको सङ्ख्या ११४ छ। निर्वाचनका लागि १०७ चुनाव चिह्न प्रयोग हुनेछन्।



आयोगले प्रदान गरेका चिह्नहरुमा पहिलो नम्बरमा सूर्य, दोस्रोमा रुख, तेस्रोमा तारा, चौथोमा घण्टी चुनाव चिह्न रहेका छन् । हलो, ढल्केको छाता, लाउड स्पिकर, पिँध भएको सादा ढकिया, साइकल, मादल, गिलास, लौरो, खुलेको एकल आँखा, जरायो, दुई हात जोडेको नमस्कार निर्वाचन चिह्नका रुपमा प्रयोग हुनेछन्।
त्यसैगरी कुखुराको भाले, जग, पञ्जा छाप, इनार, डोको, हसियाँ र तारा, कमलको फूल, माथिपट्टी फर्केको धनुष, गिटार, घर, हसिँया, मोटरसाइकल, साँचो, दायाँ हातले समातेको मसाल, कछुवा, चङ्गा, बाँसुरी, गैँती, दापसहितको खुकुरी पनि निर्वाचन चिह्नका रुपमा प्रयोग हुनेछन्।
आयोगका अनुसार, तुलसी मठ, गाग्री, ब्याट्री, मान्छेको काँधमा बोकिरहेको ढुङ्गा, ढाका टोपी, पुतली, सुगा, हथौडा, गोलाकार भित्र शंख, बज्र, हात्ती, उडिरहेको माहुरी, पुरुष, काखमा बच्चा लिएको आमा, चुच्चोले चिट्ठी बोकेर उड्न लागेको परेवा, अँजुलीमा रहेको माटो, बाली बोकेका महिलाको आकृति, कोदालो बोकेका किसान, त्रिशुुल, घोडा, गोलो घेराभित्र दुई पात भएको गुलाफलको फूल, लोककला कोरिएको गाग्रोमा आँपको कलश र त्यसमाथि नरिवल, कम्प्युटर किबोर्ड, गाडा निलो कलरको गोलाकारभित्र २४ किलाको चक्र, हात मिलाएको, चापाकल पनि निर्र्वाचन चिन्हका रुपमा प्रयोग हुनेछन्।
बलिरहेको बिजुलीको चिम, सिट्ठी, प्रेम, ओदान, तीर, ट्र्याक्टर, रेडियो, रथ, तीन ढुङ्गे अधिनो, ढुङ्गे धारा, गदा, भेडा, चश्मा, बलिरहेको दियो, बस, स्कुटर, पाँचमुखे रुद्राक्षको दाना निर्वाचन चिह्नका रुपमा प्रयोग हुनेछ। दुई वटा पैतला छाप, करुवा, षटकोण, सुकुन्दा, पुल, चकिया, माटोबाट उम्रिएको तीन पात भएको बिरुवा, गोलो घेराभित्र पानीको बोत्तल, बुल्डोजर, लुगा सिउने कल, हात मिलाएको महिला र पुरुष, परेवा, तराजु, खरायो, सेतो र कलो रंगको जुत्ता, खुला किताब, खुलेको ताला, आवाज सुनिरहेको कान, श्रीवत्स समृद्धिको प्रतीक, गोलाकारभित्र बुढी औँला उठाएको लाइक, कोदालो, मकैका बाला, दुई औँला खुलेको औँला बन्द भएको हातको आकृति, जगर भएको सिंह, डुङ्गा र भैँसी पनि निर्वाचन चिह्न रहेका छन्।रासस

# नागढुङ्गा नौबिसे सडक दैनिक पाँच घण्टा बन्द हुने

**काठमाडौँ ।**
सडक निर्माणमा अपेक्षित प्रगति नभएपछि सरकारले नागढुङ्गा नौबिसे मलेखु सडक खण्ड आंशिक बन्द गरेर प्रक्रिया अगाडि बढाउने भएको छ ।
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सरोकारवाला सबैलाई केही दिन पहिले आमन्त्रण गरी समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको थियो । निर्माण व्यवसायी र सम्बन्धित आयोजनाले सवारीसाधन निरन्तर आवतजावत हुँदा सडक निर्माणले गति लिन नसकेको बताएका थिए ।
ट्राफिक व्यवस्थापन गरी सडक निर्माणलाई गति दिने लक्ष्यका साथ यही मङ्सिर २४ गतेदेखि आगामी पुस १ गतेसम्म दैनिक पाँच घण्टा सडक बन्द गर्ने निर्णय गरिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौँ र धादिङले संयुक्त रुपमा सडक बन्द हुने सूचना प्रकाशित गरेको छ ।
त्रिभुवन राजपथको नागढुङ्गा नौबिसे सडकखण्ड कालोपत्र गरी स्तरोन्नति सम्पन्न हुने चरणमा छ । सोही क्रममा उक्त सडकको काठमाडौँ जिल्ला भित्र पर्ने नागढुङ्गा पिप्लामोड खण्ड कालोपत्र उच्च प्राथमिकताका राखिएको छ । सो सडकखण्ड अन्यत्र भन्दा साँघुरो भएको र कालोपत्रका लागि एकै पटकमा धेरै गह्रौँ उपकरण तथा ढुवानीका साधन परिचालन गर्नुपर्ने हुन्छ । यसैगरी धादिङको गल्छी–गजुरी खण्ड पनि साँघुरो र जोखिमपूर्ण रहेकाले पोखरेभिर क्षेत्रमा सडक चौडा गर्नुपर्ने आयोजनाले जनाएको छ ।
सूचना अनुसार नागढुङ्गा देखि पिप्लामोडसम्म र पोखरेभिर क्षेत्रमा यही मङ्सिर २४ गतेदेखि आगामी पुस १ गतेसम्म बिहान १०:३०



बजेदेखि अपराह्न ३:३० बजेसम्म सडक आवागमन बन्द हुनेछ । सो समयमा वैकल्पिक सडक प्रयोग गरिदिन तथा आफ्नो यात्रा समयलाई सो समय भन्दा अगाडी वा पछाडी व्यवस्थापन गर्न सूचनामा आग्रह गरिएको छ ।
सो समयमा काठमाडौँबाट नौबिसेतर्फ जाने सवारी साधन नागढुङ्गा चेकपोस्टमा रोकिनेछ । सूचनामा अत्यावश्यकीय प्रकृतिका एम्बुलेन्स, सुरक्षा निकायका सवारी साधन, दमकल, शव वाहन जस्ता सवारीसाधनको आवागमन ट्राफिक प्रहरीबाट सहजीकरण हुने जनाइएको छ ।
मुग्लिङबाट काठमाडौँ तर्फ जाने सवारी साधन खानीखोला (नौबिसे), जुंगेखोला (थाक्रे), गल्छी–गजुरी खण्डको लागि गल्छी, बैरेनी र मासटारमा रोकिनेछ । साना तथा मझौला सवारीसाधनले अत्यावश्यक अवस्थामा वैकल्पिक मार्ग प्रयोग गर्न सक्नेछन् । सूचना अनुसार सीतापाईला भिमढुङ्गा,रामकोट धार्के सडक, सामाखुसी टोखा–छहरे सडक वैकल्पिक रुपमा प्रयोग गर्न सकिने छ ।
रोकिएका सबै सवारीसाधनलाई अपराह्न ३:३० बजेपछि मात्र छाडिने सूचनामा उल्लेख छ ।रासस

# जेन्जी पुस्ताको कथामा 'झरीपछिको इन्द्रेणी'

**काठमाडौँ ।**
हाँस्य कलाकारका रुपमा स्थापित अर्जुन घिमिरे 'पाँडे'ले निर्देशन गर्नुभएको चलचित्र 'झरीपछिको इन्द्रेणी' जेनजी पुस्ताको कथामा तयार पारिएको छ । सोमवार ललितपुरस्थित एक चलचित्र भवनमा चलचित्रको 'ट्रेलर' सार्वजनिक गर्दै निर्देशक घिमिरेले भ्रष्टाचार र बेथितिविरुद्ध एक जेन्जी पुस्ताले गर्ने सङ्घर्षलाई चलचित्रको मुख्य विषयवस्तु बनाएको बताए । उनले भने, 'हामीले एउटा नागरिकले सोच्ने एङ्गलबाट कथा तयार पारेर चलचित्र तयार गरेका थियौँ । पछिल्लो समय देशको घटनाक्रमसँग मिल्दो देखिएको छ । सायद, यो देशप्रति नागरिकको सोच मिलेको हुनसक्छ । हामीले देशमा परिवर्तन हुनु अगाडि नै चलचित्रको लगभग छायाङ्कन सकाएका थियौँ ।'
उनले भ्रष्टाचार र बेथिति विरुद्धको आवाजलाई चलचित्रकर्मीले आफ्नो कलाकारितामार्फत बुलन्द बनाउनुपर्नेमा जोड दिए । नागराज इन्टरटेन्मेन्ट प्रालिले निर्माण गरेको उक्त चलचित्रमा अभिनेता गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, विमोचन दवाडी, जेसिका पोखरेल, प्रियना आचार्य (मुन्नी), अंशु महर्जन, राजेन्द्र नेपालीलगायतका कलाकारले अभिनय गरेका छन् ।
अभिनेता रमेश उप्रेतीले चलचित्रले अहिलेको समग्र देशको अवस्थालाई चित्रण गरेको बताए । 'मैले चलचित्रमा काम गर्नुको कारण नै यसको विषयवस्तु हो । आम नागरिकको कथामा बनेको चलचित्रलाई एउटा कलाकारले कलाको माध्यमले न्याय दिनुपर्छ भन्ने लागेर काम गरेका छौँ । यसको कथा र पात्रसँग दर्शक सहजै जोडिनुहुन्छ', उनले भने ।
आगामी पुस ४ गतेदेखि प्रदर्शन हुने उक्त चलचित्रमा निर्देशक घिमिरेको कथा, गणेश कार्की तथा विशाल घिमिरेको पटकथा, बुद्ध थापाको छायाङ्कन रहेको छ ।रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

# ईश्वर पोखरेलले बुझाए फरक अवधारणा पत्र

**काठमाडौँ ।**
नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले आसन्न महाधिवेशनका लागि तयार गरिएको अवधारणा पत्र पार्टी केन्द्रीय कार्यालयमा बुझाएका छन् ।

सोमबार अपराह्न च्यासलस्थित केन्द्रीय कार्यालय पुगेका पोखरेलले आफू पक्षका नेताहरूसहित महासचिव शंकर पोखरेललाई अवधारणा पत्र हस्तान्तरण गरेका हुन् ।

वरिष्ठ उपाध्यक्ष पोखरेलका अनुसार पार्टीको निर्माण र सञ्चालन, सामूहिक नेतृत्वको अभ्यास, आन्तरिक नियन्त्रण–सन्तुलनको प्रभावकारी व्यवस्था तथा जनताको बहुदलीय जनवादका सिद्धान्तअनुसार पार्टी कसरी अघि बढ्ने भन्ने विषयमा केन्द्रित रहेर उक्त अवधारणा पत्र तयार पारिएको हो ।

उनले महाधिवेशनमा सो अवधारणा पत्र औपचारिक तथा व्यवस्थित रूपमा प्रस्तुत गरिने बताए ।

महाधिवेशनका लागि प्रतिनिधि चयनका क्रममा केही ठाउँमा देखिएका समस्या समाधान भइसकेको जानकारी पनि पोखरेलले दिए । अध्यक्ष केपी शर्मा ओलीलाई प्रत्यक्ष भेटेर अवधारणा पत्र बुझाउने योजना रहे पनि परिस्थितिले अनुकूलता नबनेपछि केन्द्रीय कार्यालयमै बुझाइएको उनले स्पष्ट पारे ।

नेतृत्व पुनर्गठन आवश्यक रहेको र त्यसबिना पार्टी सही दिशामा अघि बढ्न नसक्ने चेतावनी पनि पोखरेलले दिएका छन् । आफू निकटका नेताहरूसहित पार्टी कार्यालय पुगेका वरिष्ठ उपाध्यक्ष पोखरेलले महाधिवेशनको अवधारणापत्र महासचिव शंकर पोखरेललाई हस्तान्तरण गरेका थिए ।

पोखरेलसँगै पार्टी कार्यालय पुगेका उपाध्यक्ष सुरेन्द्र पाण्डेका अनुसार पोखरेलको अगुवाइमा बनेको अवधारणापत्र सार्वजनिक गरिने छ ।महाधिवेशनका लागि अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका पोखरेल समूहले अवधारणापत्र सोमबार नै पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्ने पाण्डेले जानकारी दिए । अवधारणापत्र नेतृत्व परिवर्तनको निष्कर्षसहितको दस्तावेज भएको पनि पाण्डेले बताए ।

मंसिर २७–२९ सम्म काठमाडौँमा हुन लागेको ११औँ महाधिवेशनमा ईश्वर पोखरेलले फरक राजनीतिक प्रस्ताव पेश गर्दै छन् । २७ गते भक्तपुरको सल्लाघारीमा उद्घाटन भएपछि भोलिपल्ट बन्दसत्रमा ओलीसँगै उनले पनि फरक राजनीतिक प्रस्ताव पेश गर्ने छन् ।

# राष्ट्रिय मानवअधिकार गोष्ठी जनकपुरधाममा हुने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसर पारेर जनकपुरधाममा राष्ट्रियस्तरको मानव अधिकार गोष्ठी आयोजना हुन लागेको छ।

नेपाल बार एशोसिएसनको आयोजनामा मंसिर २४ गते जनकपुरधामस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा देशभरका कानुन व्यवसायीहरूको सहभागितामा गोष्ठी हुन लागेको हो।

गोष्ठीको औपचारिक उद्घाटन मंसिर २४ गते बिहान १० बजे नेपालका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले गर्ने कार्यक्रम तय भएको छ । उद्घाटनअघि देशका विभिन्न भागबाट जनकपुरधाम आउने कानुन व्यवसायीहरूको सहभागितामा नगरमा प्रभातफेरी पनि आयोजना गरिने नेपाल बार एशोसिएशन जनकपुरधामका अध्यक्ष विमलकुमार मिश्रले जानकारी दिए।

दुई दिनसम्म चल्ने कार्यक्रममा देशभरबाट एक हजारभन्दा बढी कानुन व्यवसायीहरूको सहभागिता रहने आयोजकले जनाएको छ। गोष्ठीमा विधिको शासन, न्यायपालिकाको स्वतन्त्रता, मानव अधिकारको संरक्षण, कानुनी अभ्यासमा देखिएका समस्या र समसामयिक चुनौतीका विषयमा व्यापक छलफल हुने अपेक्षा गरिएको छ।

कार्यक्रमकै अवसरमा मंसिर २५ गते नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यकारिणी परिषद्को बैठक पनि जनकपुरधाममै बस्ने छ । बैठकमा पेशागत हित, संगठन सुदृढीकरण र कानुन सुधारसम्बन्धी विषयमा महत्वपूर्ण निर्णय हुने अध्यक्ष मिश्रले बताए।

# जेसीजको ५२औँ राष्ट्रिय सम्मेलन जनकपुरधाममा हुने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल जेसीजको ५२औँ राष्ट्रिय सम्मेलन तथा महाधिवेशन आगामी पुस ४ गतेदेखि पुस ७ गतेसम्म जनकपुरधाममा आयोजना हुने भएको छ ।

जनकपुर जेसीजको आयोजनामा चार दिनसम्म चल्ने सम्मेलनमा देशभरका तीन हजारभन्दा बढी जेसीजका सदस्यहरुको सहभागिता रहने अनुमान गरिएको छ ।

सम्मेलनको पहिलो दिन उद्घाटन समारोह आयोजना गरिनेछ भने बाँकी तीन दिन ओरेटरी कन्टेस्ट, थिम सेमिनार, राष्ट्रिय एसेम्बली लगायत नेपाल जेसीजले तय गरेका विविध कार्यक्रमहरू सञ्चालन हुने जनाइएको छ । सम्मेलनकै क्रममा राष्ट्रिय एसेम्बलीमार्फत मतदान प्रक्रियाबाट सन् २०२६का लागि नयाँ केन्द्रीय कार्यसमिति चयन गरिने कार्यक्रम पनि रहेको जनकपुर जेसीजका पूर्वअध्यक्ष सुधिर पजियारले जानकारी दिए ।

चार दिनसम्म चल्ने सम्मेलन आयोजनाका लागि करिब तीन करोड रुपैयाँभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ ।

रकममध्ये जनकपुरधाम आउने प्रतिनिधिबाट दर्ता शुल्कमार्फत करिब एक करोड २० लाख रुपैयाँ संकलन हुने जनाइएको छ भने बाँकी खर्च विभिन्न प्रायोजकमार्फत व्यवस्थापन गरिने पजियारले बताए ।

जनकपुरधाममा यति ठूलो राष्ट्रिय कार्यक्रम हुन लागेकाले शहरको पहिचान स्थापित हुनुका साथै पर्यटन, होटल व्यवसाय र स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने आयोजकको विश्वास रहेको छ ।

# क्रान्तिकारी विकास आवश्यकः साम्पाङ

**काठमाडौँ ।**
श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले देशमा 'क्रान्तीकारी विकास' अपरिहार्य बनेको बताएका छन् ।

सोमबार काठमाडौँको सिफल चौरमा पार्टीले आयोजना गरेको सभामा बोल्दै साम्पाङले युवालाई राष्ट्रिय संस्कृति र श्रमको मूल्यसँग जोड्दै आर्थिक समृद्धिको अभियानमा एकताबद्ध हुन आग्रह गरे ।

उनका अनुसार विदेशी ऋणमा निर्भर भएर सडक–पुल निर्माण गर्ने परम्पराले देशलाई दीगो विकासतर्फ डोर्याउन सक्दैन । श्रम संस्कृति पार्टीले देशको स्रोतसाधन र श्रमलाई परिचालन गर्दै स्वाधीन र आत्मनिर्भर आर्थिक उन्नतिको मार्ग रोज्ने स्पष्ट अडान उनले व्यक्त गरे ।

साम्पाङले भने, 'श्रम संस्कृति पार्टी युवालाई देशको संस्कृति र श्रमसँग जोड्न चाहन्छ । विदेशी ऋणको भरमा विकास गर्ने होइन, आफ्नै स्रोत र मेहनत प्रयोग गरेर आर्थिक उन्नति हासिल गर्ने हाम्रो लक्ष्य हो। देशलाई विदेशी हस्तक्षेपबाट जोगाउने अभियानसमेत यही हो ।'

उनले ठेकेदारले वर्षदिनमा गर्ने काम श्रमदानमार्फत एक महिनामै सम्पन्न गर्न सकिने दाबी गर्दै यस्तो कार्यशैलीलाई 'क्रान्तीकारी विकास' का रूपमा अघि बढाउनुपर्नेमा जोड दिए ।

पुराना राजनीतिक दलहरूले मुलुक र जनताको हितमा अपेक्षित काम गर्न नसकेको आरोप लगाउँदै साम्पाङले आगामी निर्वाचनमा श्रम संस्कृति पार्टीलाई समर्थन गर्न सबैसँग आग्रह गरे ।

# मङ्सिर २६ सम्म मतदाता नामावलीमा दाबी विरोध

**काठमाडौँ ।**
निर्वाचन आयोग नेपालले मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । आयोगद्वारा सोमवार जारी विज्ञप्तीमा यही मङ्सिर २६ गतेसम्म अनलाइनमार्फत त्रुटी सच्याउन, जानकारी दिन तथा उजुरी दर्ता गराउन अनुरोध गरिएको छ ।

आयोगका प्रवक्ता तथा सहसचिव नारायणप्रसाद भट्टराईले २०८२ भदौ ५ गतेसम्म देशभरबाट सङ्कलित मतदाता विवरणलाई अद्यावधिक अघि बढाइने जानकारी दिएका हुन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुने व्यक्तिहरू योग्य मतदाता मानिने आयोगले जनाएको छ । मतदाता नामावली अद्यावधिक (दावी बिरोध) कार्यक्रम अन्तर्गत सङ्कलित मतदाताको विवरण आयोगको वेबसाइटमा प्रकाशन गरिनेछ ।

आयोगले सङ्कलित मतदाता नामावली आफ्नो वेबसाइटमा प्रकाशन गरेपछि मङ्सिर २६ गतेसम्म नाम, ठेगाना वा अन्य विवरणमा त्रुटी सच्याउन निवेदन दिन सकिने विज्ञप्तीमा उल्लेख छ ।

कसैले झूटो विवरणका आधारमा नाम दर्ता गराएमा विरोधमा उजुरी दिन सकिनेछ ।

एउटै व्यक्तिको नाम एकभन्दा बढी स्थानमा परेमा एक स्थानमा मात्र राख्न अनुरोध आयोगको छ । मृतक वा नागरिकता त्याग गरेका व्यक्तिहरूको नाम हटाउन सूचना दिन आग्रह गरिएको छ । दाबी–विरोधका सबै प्रक्रिया पूरा भएपछि अन्तिम मतदाता नामावली प्रकाशन गर्ने आयोगको तयारी छ ।

मतदान स्थल छनोटका लागि अनलाइन सुविधा वृद्धि गर्ने उद्देश्यसहित आयोगले कतिपय मतदान स्थलहरूको पुनरावलोकन समेत गरेको छ ।

मतदाताले अब आफ्नो वडाभित्रका मतदान स्थलमध्ये सुविधाजनक स्थल छनोट गर्न अनलाइन प्रणालीमार्फत निवेदन दिन सक्नेछन् ।

आयोगले मतदाता नामावलीलाई अझ शुद्ध, विश्वसनीय र त्रुटीरहित बनाउन आम मतदाता तथा सरोकारवालाको सक्रिय सहभागिताका लागि अपिल गरेको छ ।रासस

# अर्थमन्त्री यादवद्वारा पदबहाली



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका नवनियुक्त अर्थमन्त्री महेशप्रसाद यादवले पदभार ग्रहण गर्दै विगतका अपूरा विकास योजनालाई पूर्णता दिन सरकार प्रतिबद्ध रहने बताएका छन् ।

पदभार ग्रहण समारोहमा मन्त्री यादवले आगामी आर्थिक वर्षका कार्यक्रम तथा बजेट संरचनामा मधेशको आवश्यकता र जनअपेक्षाअनुसार महत्वपूर्ण परिवर्तन आउने दाबी पनि गरे ।

मन्त्री यादवले अधुरै छाडिएका महत्वपूर्ण पूर्वाधार तथा विकास योजनाले प्रदेशको समग्र प्रगति ढिलाइ गरेको भन्दै ती योजनालाई सरकारको उच्च प्राथमिकतामा राखेर अघि बढाइने बताए । उनले अब सरकारले योजनालाई घोषणा मात्र गरेर छाड्ने होइन, पूर्णता दिने दिशामा अघि बढ्ने बताए ।

उनले मधेश प्रदेशलाई कृषि, शिक्षा र स्वास्थ्यका क्षेत्रमा देशको हबका रूपमा विकास गर्न विशेष नीति र बजेट विनियोजन मार्फत अघि बढिने जानकारी पनि दिए । अर्थमन्त्री यादवले कृषि उत्पादनमा आत्मनिर्भरता, आधुनिक शैक्षिक पूर्वाधार विस्तार तथा प्रभावकारी स्वास्थ्य सेवा पहुँच विस्तारलाई मुख्य कार्ययोजना बनाइएको मन्त्री यादवले पदभार ग्रहणपछि पत्रकारहरूलाई जानकारी दिए ।

मन्त्री यादवले अबको अर्थ मन्त्रालय सञ्चालन परिणाममा केन्द्रित हुने प्रतिबद्धता व्यक्त गर्दै मधेशको समृद्धि नै नेपालको समृद्धिको आधार भएको उल्लेख गर्दै मधेश समृद्ध नभएसम्म देश देश समृद्ध एवम् बलियो हुन नसक्ने बताए ।

पदभार ग्रहणसँगै मन्त्री यादवले मन्त्रालयका उच्च अधिकारीहरूसँग बैठक गर्दै आगामी आर्थिक वर्षका प्राथमिकता, बजेट निर्माण प्रक्रिया र तत्काल कार्यान्वयनमा लैजानुपर्ने कार्यक्रमबारे निर्देशन दिए । मधेश सरकारको नेतृत्वमा आर्थिक सुधार, सुशासन र पारदर्शिता सहितको वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउने लक्ष्यमा आफू दृढ भएर अगाडि बढ्ने बताए ।

मधेश प्रदेशका अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले मधेश प्रदेशको आर्थिक अवस्था तथा प्रदेश सरकारको समग्र बजेटका विषयमा बोलेका थिए ।

# 'दलित महिला र बालिकामाथि हुने हिंसाको अवस्था चिन्ताजनक'

**काठमाडौँ ।**
नेपालमा महिला र बालिका घरभित्र र घरबाहिर दुवै स्थानमा सुरक्षित नरहेको एक अध्ययनले देखाएको छ । यहाँ सोमवार सार्वजनिक गरिएको 'नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसा' सम्बन्धी अध्ययन प्रतिवेदनले घरेलु हिंसा, बलात्कार, बलात्कार प्रयास र हत्या जस्ता जघन्य अपराध बढ्दै गएकाले सुरक्षाको अवस्था चिन्ताजनक रहेको देखाएको हो ।

प्रतिवेदनमा दलित महिला तथा बालिकाले जातीय, लैङ्गिक, आर्थिक, सामाजिक–सांस्कृतिक गरी बहुपक्षीय उत्पीडन सहनुपरेको उल्लेख छ । दलित महिला संघ (फेडो) ले गरेको अध्ययनमा सरकारी निकायतर्फ आर्थिक वर्ष २०८१–८२ र गैरसरकारी संस्थातर्फ सन् २०२४ को सेप्टेम्बरदेखि सन् २०२५ को अक्टोबरसम्मका दस्तावेज, अध्ययन तथा उजुरी विवरण विश्लेषण गरिएका छन् । अध्ययनले महिला, विशेषगरी दलित महिला तथा बालिकाले हिंसा भोग्दा न्याय खोज्ने क्रममा पनि थप हिंसाको जोखिम बेहोर्नु परिरहेकाले संरचनागत असुरक्षा र दण्डहीनता अझ प्रष्ट देखाएको छ ।

सरकारी निकायका दस्तावेजमध्ये प्रहरीको विवरणमा महिलामध्ये दलित महिलाको हिस्सा कुल हिंसाका घटनाको ११ दशमलव ९३ प्रतिशत, बालिकाको १८ दशमलव ८० प्रतिशत, मानव अधिकार आयोगका अभिलेखमा दलिततर्फ महिला १४ दशमलव ०२ महिला र बालिका २६ दशमलव ९२ ले हिंसा भोगेको जनाइएको छ ।

यस्तै, राष्ट्रिय महिला आयोगमा ११ दशमलव ३४ प्रतिशत घटना दलित महिलासँग सम्बन्धित रहेको र राष्ट्रिय दलित आयोगका ६४ वटा उजुरीमा महिला र बालिका कुनै न कुनै रूपमा जोडिएको उल्लेख छ ।

अध्ययनका क्रममा राष्ट्रिय बालअधिकार परिषद्को अभिलेखमा सात हजार ५ सय ८४ घटनामध्ये जातीय आधारमा सबैभन्दा बढी ३० दशमलव ४८ प्रतिशत दलित बालबालिका प्रभावित भएको देखिएको अनुसन्धानकर्ता टिकाराम सुनारले जानकारी दिए । उनका अनुसार गैरसरकारी संस्थाका अभिलेखमा फेडोमा ४३९ घटना, इन्सेकका कूल पाँच हजार ८ सय ८६ उजुरी विवरणमा १७ दशमलव ६७ प्रतिशत, महिला पुनस्र्थापना केन्द्र (ओरेक) को अभिलेखमा २३ दशमलव ११, नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन) नेपालको अभिलेखमा हिंसामा पर्ने दलित बालबालिकाको संख्या १२ दशमलव ८०, समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) ले गरेको एक अध्ययनमा बालविवाहका कारण पढाई छोड्नेमा दलित समुदायका १७ दशमलव ५७, यौन हिंसा र दुर्व्यवहार भोग्नेमा अध्ययनमा समेटिएका दलितमध्ये ८० दशमलव ११ र उत्तरदातामध्ये ४८ दशमलव छ प्रतिशतले कुनै न कुनै स्थानमा जातयि भेदभाव भोग्नुपरेको र त्यसमध्ये पनि ९४ दशमलव ६२ प्रतिशत दलित रहेको पाइएको छ ।

एक्सेस प्लानेट संस्थाले अपाङ्गता भएका महिलासम्बन्धी गरेको एक अध्ययनमा (दलित २० प्रतिशत) अपाङ्गता भएका ७९ प्रतिशत महिलाले जीवनमा कुनै न कुनै हिंसा भोगेको, तीमध्ये ६४ प्रतिशतले हिंसाविरुद्ध न्याय नखोजेको पनि जनाइएको छ । यसले न्यायमा पहुँच र न्याय प्रणालीप्रतिको भरोसा कमजोर रहेको विश्लेषण गरिएको छ ।

यसैगरी अध्ययनका क्रममा गरिएको मिडिया विषयवस्तु विश्लेषणमा उल्लेखित सवालमा खोजमूलक विषयवस्तुको उठान, घटनाको नियमित 'फलोअप' तथा न्यायका लागि सशक्त पैरवी गर्न नसकिएको उल्लेख छ । पछिल्लो समय कोटा (आरक्षण) र कोठाका नाम दलितमाथि जातीय विभेद जनाउने र होच्याउने गरी हिंसा गर्ने प्रवृत्ति बढेको पनि प्रतिवेदनले औँल्याएको छ । 'जातीय छुवाछूतका घटना नेपाल प्रहरीमा ३६, मानव अधिकार आयोगमा ९, इन्सेकमा ४४ रहेको देखिनुले सरकारी निकायको संस्थागत उपस्थिति कमजोर रहेको वा ती निकायप्रति भरोसा नहुँदा धेरैजसो पीडित न्यायका लागि नगएको जस्ता समस्या देखाएका छ । यसले न्यायमा पहुँच र न्याय प्रणालीमा विश्वास दिलाउने गरी काम गर्न जरुरी छ', प्रतिवेदनमा भनिएको छ ।

अध्ययनका क्रममा फेडोले अभिलेखिकरण र तथ्याङ्क व्यवस्थापन, न्यायमा पहुँच सुधार, डिजिटल तथा अनलाइन हिंसा रोकथाक, पत्रकारिताको भूमिका सबल बनाउन, संरचनागत तथा प्रणालीगत भेदभाव अन्त्य, बालबालिकाका लागि सुरक्षित 'डिजिटल स्पेस' र नीति, कानून र कार्यान्वयन सबल बनाउनेपर्ने लगायत विषयमा विभिन्न सुझाव दिएको छ ।रासस

# समानुपातिक निर्वाचन प्रणालीका लागि एमालेद्वारा दल दर्ता

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन आज निर्वाचन आयोगमा दल दर्ता गरेको छ ।

आयोगको कार्यालय कान्तिपथ पुगेर एमालेको केन्द्रीय निर्वाचन आयोगका प्रमुख निरज आचार्यले आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीलगायतलाई भेटेर दल दर्ताको निवेदन हस्तान्तरण गरे ।

आयोगले प्रणालीतर्फको कार्यक्रम गत शनिबारदेखि सुरू गरेको थियो ।

यस प्रणालीका लागि दल दर्ताका लागि यही मङ्सिर २३ गते अपराह्न ४ बजेसम्म प्रणालीमा भाग लिन चाहने राजनीतिक दललाई निवेदन पेस गर्न आयोगले आग्रह गरेको छ ।रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन